# gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

/bikalpanews /NawabikalpaWeek

साप्ताहिक

वर्ष ८ | अङ्क २३ | पूर्णाङ्क ३६१ | आइतवार, फागुन १६, २०७२ | Feb. 28, 2016, Sunday | पृष्ठसङ्ख्या ६+६ | मूल्य रु. १०/-




कृष्टिनाको नयाँ भिडियो सार्वजनिक - अन्तिम पृष्ठमा

# स्वास्थ्यमा स्रोत, शक्ति र स्वार्थको लडाई

■ सन्तोष गौतम/नवविकल्प




फागुन ११ गते जिल्ला अस्पताल परिसरको एउटा भवनमा जिल्ला जनस्वास्थ्य कार्यालयको साईन बोर्ड भुण्डीयो । जिल्ला स्वास्थ्य कार्यालय भित्र जनस्वास्थ्य कार्यालय भएको सो वोर्ड हेर्दा बुभिन्छ । जिल्लामा नयाँ कार्यालय खुलेछ । नयाँ कार्यालय स्थापना हुँदा न त सम्बन्धित कार्यालयका कर्मचारीले थाहा पाए न त अरू सरोकारवालाहरूले नै । त्यो सुटुक्क खोलिएको थियो ।

कार्यालय स्थापना गर्दा तामभ्राम र औपचारीक कार्यक्रम नगर्नु एक हिसावले सकारात्मक मानिए पनि अहिले यस विषयमा नकारात्मक पक्षको बारेमा चर्चा बढेको छ । जनस्वास्थ्य कार्यालय स्थापना भएपछि जिल्लाबासीलाई के फाईदा हुन्छ ? स्वास्थ्य सेवा थप प्रभावकारी र ब्यवस्थित बनाउन यसले कसरी मद्दत पुग्छ ? भन्ने विषयमा जनस्वाथ्य कार्यालयले बुभ्राउन सकेको छैन भने अस्पताल विकास समितिले 'घरमा श्रीमानले दोस्रो श्रीमती' भित्र्याए जसरी एकोहोरो नकारात्मक प्रचार गरिरहेको छ ।

जनस्वास्थ्यले यसलाई सामान्य नियमित प्रक्रिया र राज्यको नीति कार्यान्वयन भएको दावी गरिरहेको छ भने अस्पताल विकास समितिले जनस्वास्थ्य कार्यालयका कारण जिल्ला अस्पताल बिग्रने, गुणस्तर खस्कने, सेवा प्रभावित हुने र समग्र जिल्लाबासीले अहिले पाएको सुबिधा खोसिने भनेर प्रचार गरेको छ । एक अर्कामा अन्तरनिहीत हुनपर्ने दुई निकायको आ-आफ्नो स्वार्थ, शक्ति र स्रोतको लडाईले संवेदनशिल मानिने म्याग्दीको समग्र स्वास्थ्य क्षेत्र शिकार बन्ने अवस्था आएको छ ।

वास्तविकता कुनै पक्षले पनि बाहिर ल्याउन सकेका छैनन् । सुटुक्क कार्यालय स्थापना गरेको जनस्वास्थ्यले यसको सकारात्मक पक्ष बुभ्राउन नसक्नु र जिल्ला अस्पताल विकास समितिले छलफलको विकल्पमा बिरोधको बाटो रोज्नुले एक अर्काका कमजोरी र स्वार्थ छताछुल्ल बनेको छ । दुई वटा निकायको असमभ्रदारी र स्वार्थको लडाईले जिल्लाबासीले वास्तविक तथ्यबाट बिमुख बनेका मात्र होइनन् अन्यौल र अलमलको अवस्था सिर्जना भएको छ ।

२०७२ असोजमा स्वास्थ्य मन्त्रालयले हाल १५ शैया क्षमताको म्याग्दी जिल्ला अस्पताललाई ५० शैयाको बनाउने निर्णय गरेको थियो । जिल्ला अस्पताललाई ५० शैया क्षमत्ताको बनाएपछि अस्पताल र जनस्वास्थ्य कार्यालयको प्रशासनीक काम कारबाही अलग अलग हुने गरि छुट्टिन पाउने नीतिगत ब्यवस्था

बाँकी पृष्ठ ७ मा

## सोलीघोप्टेको उकालो



उनिहरू पुगेको केही समयपछि जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक लोकेन्द्र सिङ गुरू नेतृत्वको प्रहरी, ईन्द्रबक्स गणका सहसेनानी सञ्जिव दाहाल नेतृत्वका २० जनाको सैनीक टोली पनि घटनास्थल पुगेको थियो । घटनास्थल पुगेपनि हामीलाई तस्विर र भिडीयो खिच्न भने प्रहरीले अनुदार ब्यवहार देखायो । प्रहरी निरिक्षक गुरूले माथिको आदेश भन्दै जहाजको मुख्य भाग रहेको ठाउँमा जान दिएनन् । हाम्रो क्यामेरामा प्रहरीले सिमित संख्यामा तस्विर र भिडीयो खिचेर दिए ।

रिपोर्टर डायरी: विस्तृत- पृष्ठ ५ मा

## नेपाली कांग्रेसमा खम्बिरको उदय

■ नवविकल्प



समाचार- पृष्ठ ९ मा








# सूचना

महिला हिंसा अन्त्य गरौं, शुन्य सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग


# बोली

## सुरत केसी



२२ औं सममेलन बाट केन्द्रिय सदस्यमा निर्बाचित प्रकास पौडेललाई धेरै धेरै बधाई छ । त्यो भन्दा धेरै बधाई र धन्यबाद छ म्याग्दीका साथिहरूलाई जसले प्रकास पौडेललाई अनेरास्ववियूको केन्द्रिय सदस्य नबनाउन हरदम प्रयास गर्नुभो (फोन रेकड र म्यासेज सुरक्षीत छ ।)

## निराजन थापा



म्याग्दी काँग्रेस अधिवेशनको परिणामले मलाई निस्कर्षमा पुऱ्यएको छ - दलमा लामो समयको आबद्दता, योगदान या निष्ठाको राजनीति महत्वपूर्ण हुँदै होईन । महत्वपूर्ण केहि छ भने - तिमीसँग कति पैसा छ, र तिमीले कति खर्च गर्न सक्छौं ।?

## हिक्मत श्रेष्ठ




मदन फाउन्डेसनको विषयमा अलि समय चासो नराख्दा अध्यक्ष पद जाने रहेछ, पार्टीको सांसदले पार्टीको जानकारी बिना ५ करोडमा नियत सहित स्वविवेक प्रयोग गर्दा तिनको पद केहि होला कि नहोला? पार्टीको सुभचिन्न्तकको तर्फबाट ।

## अनिश गौतम



पोखराबाट हिमालपारिको जिल्ला मुस्ताङको जोमसोमका लागि बुधबार विहान उडेको तारा एयरको 9NAHH ट्वीनअटर विमान म्याग्दीको दाना गाविस–२ स्थित सोलीघोप्टे भीरमा दुर्घटना भएको थियो उक्त दुर्घटना भएको स्थानमा पैसाका बिटा पनि प्रशस्त थियो भन्ने कुरा आएको छ । यो कुराको राम्रोसंग अध्ययन गरि सत्य तथ्य कुरा के हो जनताको माँझमा आउनु पऱ्यो प्रशासनको नजर ध्यान जाओस् ।

## अनुप बानियाँ



मेरो सानो अनुरोध म्याग्देली नेकपा एमालेका शुभचिन्तक ,आस्थावान,र पार्टिका भातृ सँगठनका कमरेडहरूलाई आप( ञ्नो पार्टी भित्रका कुरा बाहिर सार्वजनिक गरेर दुस्मनहरू साथ कम्जोर हुने काम नगरौ ,सामाजिक सन्जालमा बेतिथी लेख्ने काम बन्द गरौ र जिल्ला कमिटी द्वारा यो बिसयमा गम्भिर रूपमा सोचियोस र तत्काल मिटिङ बसी समस्याको समाधान गरियोस (तत्काल यो फेसबुके राजनीती आरोप प्रत्यारोप बन्द गरौ कमरेडरू फेरी यस्तै चाल हो भने भाई भाई फुटे गवार लुटे भन्नु नसकिएला चेतना भया !!!

## चन्द्रमान छन्त्याल



हिजो मदन भन्डारी फाउन्देशनद्वारा आयोजित प्रशिक्षणात्मक कार्यक्रम रेडक्रस हल म्याग्दीमा जे भयो त्यो कुनैपनि नेताहरूको बिरोध र कार्यक्रमको असफलताको बिरुद्ध थिएन । त्यो त केवल पद्दतिको उपहास गर्नेहरूलाई सवक र ठूलो भन्दा पनि असल मान्छे बन र सचेत र सजग मान्छेहरूवाट गलत कुरामा कसैलाई साथ हुन्न भन्ने कुराको जानकारी मुलक काम मात्र थियो हाम्रो विज्ञप्ती ।

# साताका तस्वीरहरू





**मगर झाँकी**: ३४ औं मगर दिवस तथा नेपाल मगर संघ म्याग्दीको छैठौं जिल्ला अधिवेशनको अवसरमा बजारमा निकालिएको मगर समुदायको झाँकी सहितको ऱ्यालीमा सेल्फी लिँदै मगर युवतीहरु । - *तस्वीर : सन्तोष गौतम/म्याग्दी*


# हार्दिक बधाई







हालै सम्पन्न नेपाली काँग्रेस म्याग्दीको छैठौं जिल्ला अधिबेशनबाट यस संस्थाका सदस्य मनकुमारी वि.क. जिल्ला सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं।

**कृष्णकुमार विश्वकर्मा**
**अध्यक्ष**

**जिल्ला खेलकुद विकास समिति**
**बेनीबजार, म्याग्दी**

# हार्दिक बधाई







हालै सम्पन्न नेपाली काँग्रेस म्याग्दीको छैठौं जिल्ला अधिवेशनबाट जिल्ला सभापतिमा खमविर गर्बुजा, सचिवमा हरिकुमार श्रेष्ठ र कोषाध्यक्ष पदमा टंक हमाल एवम् जिल्ला कार्यसमिति सदस्य, महाधिवेशन प्रतिनिधि लगायत निर्वाचित सम्पूर्णलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना ब्यक्त गर्दछौं ।

**प्रो. दिपेन्द्र (दिपु) श्रेष्ठ**

**शुभलक्ष्मी हार्डवयर**
**बैंकरोड, बेनीबजार, म्याग्दी**

# कुपोषण हटाउन जागरण

■ नवविकल्प

पहाडी जिल्ला म्याग्दीका ग्रामिण क्षेत्रमा कुपोषणको समस्या न्युनीकरणका लागि जागरण बढेको छ । बालबालीकालाई कुपोषण हुन नदिन गर्भवती, दुई वर्षसम्मका बच्चा र सुत्केरीको खानपान, स्याहारसुसार तथा सरसफाईप्रति समुदाय सचेत हुन थालेका हुन् ।

सन्तुलित पौष्टिक आहराको कमी तथा रोगका कारण हुने कुपोषणबाट बचाउनका लागि गर्भवती र दुई वर्ष सम्मका बच्चा, आमा र सुत्केरीको स्याहारमा गरिने ब्यवहारमा परिवर्तन देखिएको छ । घरमा उपलब्ध खाद्यान्न, तरकारी र फलफुललाई सन्तुलित पौष्टिक आहराको रूपमा प्रयोग गर्न थालेको कुहुँ ८ हिदीकी देवी शेरपुञ्जाले बताइन ।

उनका अनुसार गर्भवती र बच्चाका आमाहरूलाई पोषिला खानेकुरा खान जोड दिनुका साथै मेलापात र घरायसी काममा सघाउन थालीएको छ । 'पहिले तिन दिनकै सुत्केरी घाँस, दाउरा गर्न जंगल जानुपर्दथ्यो' चार सन्तानकी आमा ४० वर्षिया शेरपुञ्जाले भनिन ' अहिले गर्भवतीलाई सासु, सासुरा, श्रीमान र दिदी बिहनीले गह्रै काम गर्न दिदैनन् ।'

सासु बुहारीबीचको परम्परागत नकरात्मक सम्बन्धलाई सुधार गरि सहयोगीको भुमिका बनाउन आमा समूह देखि विभिन्न संघ संस्थाहरूले पहल गरेका छन् । सासु बुहारीबीच सहयोगीको सम्बन्ध स्थापित हुन थालेपछि महिलाहरूको स्वास्थ्यमा सुधार आउन मद्दत पुगेको हिदीकी शिक्षीका गौदेवी बुढाको भनाई छ ।

स्थानीय स्तरमा पाईने खाद्यान्न, गेडागुडी, साग, फर्सी, फलफुल, मासु, अण्डा र दुध, ध्यूलाई सन्तुलीत आहराको रूपमा प्रयोग गर्न थालेपछि बच्चाहरू स्वच्छ र फुर्तीला भएका बेनी नगरपालीका ४ खबराकी देवी घिमीरेले बताइन । बच्चाको शारीरिक मानसीक विकास र स्वास्थ्यका लागि सन्तुलित आहराको महत्वपूर्ण भुमिका हुन्छ । बच्चाका लागि घरमै अण्डा उत्पादन गर्न कुखुरा पालेकी घिमीरेले करेसाबारीमा हरिया सागपात र गेडागुडी लगाएकी छिन् ।

गर्भवती, सुत्केरी अवस्थामा आमा र बच्चाको खानपानमा ध्यान नदिदा बच्चाको शारिरीक विकासमा असर पर्ने, उमेर अनुसारको तौल कम हुने, तौल अस्वभाविक हुने, कमजोर हुने, बिरामी भैरहने जस्ता समस्या देखिने गर्छ । बच्चा र आमाको स्वास्थ्यका लागि खानपान र स्याहार सुसारका अतिरित्त नियमित गर्भजाँच गराउने, स्वास्थ्य संस्थामा सुत्केरी हुने, बिरामी पर्दा धामीझाँक्रीको झारफुक छाडेर स्वास्थ्यकर्मीकहाँ जाने क्रम बढेको छ ।

नियमित खोप लगाउने, सुरक्षित प्रसुती सेवा लिने र सरफाईमा सचेतना बढेका कारण बच्चा र आमाको स्वास्थ्य अवस्थामा विगतको तुलनामा सुधार आएको नारच्याङ स्वास्थ्य चौकीका अनमी तारा शेरपुञ्जाले बताइन ।

म्याग्दीमा कुपोषणको न्युनीकरण र महिला तथा बच्चाको स्वास्थ्य अवस्थामा सुधार ल्याउन मिलन म्याग्दी र सुआहारा परियोजनाले विषयगत सरकारी कार्यालयहरू संगको सहकार्यमा विगत तिन वर्षदेखि विभिन्न सचेतनामुलक गतिबिधि गर्दै आएको छ ।

समुदाय स्तरमा गर्भवती, एक हजार दिनका बच्चा, उनिहरूका आमा र घरपरिवारका सदस्यहरूलाई स्वास्थ्य, सरसफाई, स्याहारसुसार र खानपानमा ध्यान दिनुपर्ने बिषयहरूमा केन्द्रित गरेहर गतिबिधि गरिएको परियोजनाका संयोजक पासाङदेवी तामाङले बताइन् ।

# जिविसका गतिविधि मोवाइल एप्सबाट

■ नवविकल्प

जिविस म्याग्दीको सूचना अब मोवाईलमै प्राप्त गर्न सकिने भएको छ । मोवाईल एप्लीकेसन मार्फत सेवाग्राहीहरूले घरमै बसेर जिविसको सूचना, सन्देश, गतिबिधि, अभिलेख र सेवा प्राप्त गर्दा अपनाउनुपर्ने प्रक्रियाको बारेमा जानकारी प्राप्त गर्ने ब्यवस्था मिलाइएको छ ।

जिविसले तयार पारेको मोवाईल एपबाट ईन्ड्रोईड मोवाईल फोन प्रयोगकर्ताले यस्तो सुबिधा प्राप्त गर्न सक्ने स्थानीय विकास अधिकारी चिरञ्जिवी पौडेलले बताए । एक पटक डाउनलोड गरेपछि एप मार्फत जिविसले सार्वजनिक गर्ने विभिन्न सूचनाहरू अद्यावधिक भैरहने भएकाले सेवाग्राहीले आवश्यक परेको जुनसुकै बेलामा पनि जिविससंग सम्बन्धित सूचना तथा जानकारी मोवाईलबाट प्राप्त गर्न सक्ने पौडेलले जानकारी दिए । जिविसमा बिहीबार मोवाईल एपको उद्‌घाटन गर्नुहुदै स्थानीय विकास अधिकारी पौडेलले एनड्रोईड फोन प्रयोगकर्ताहरू बढीरहेको अवस्थामा उपभोक्ता समिति, राजनीतिक दल, सेवाग्राहीहरूलाई एपले सेवा सुबिधा प्राप्त गर्न धेरै सजिलो हुने अपेक्षा ब्यक्त गरे । उहाँका अनुसार मोवाईल एप प्रयोग गर्ने जिविस म्याग्दी नेपालमै पहिलो भएको छ ।

जिविसका सूचना अधिकृत पदम भण्डारीले सञ्चालन गर्नुभएको कार्यक्रममा मोवाईल एपको बारेमा सूचना प्रबिधि स्वयमसेवक प्रविण पौडेलले मोवाईल एपको सुबिधाले सेवाग्राही सामान्य सूचना र जानकारीका लागि कार्यालयमै पुग्नुपर्ने समस्याको अन्त्य भएको बताए । पौडेलका अनुसार यस्तो प्रबिधिको प्रयोगमा कुनै शूल्क लाग्दैन । चालु अंग्रेजी वर्षको जनवरी १ तारिकमा तयार भएको जिविसको मोवाईल एप जुगलमा दर्ता गरेर बिधिवत रूपमा प्रयोगमा ल्याइएको हो ।



जिविसको वेभसाईटमा राखिएका विभिन्न अभिलेख, प्रगति प्रतिवेदन, नागरीक वडापत्र, सूचना तथा जानकारीहरू एपको माध्यमबाट मोवाईलमै प्राप्त गर्न सकिन्छ । उक्त एप तयार गर्न स्वमसेवक पौडेल, जिविसका शाषन विज्ञ सन्तोष पन्थि, एलजिसीडीपी क्षेत्रीय कार्यालयका एकेन्द्र लम्सालको साथै बेनी बजारका युवा रोशन गौतमले स्वमसेवकको रूपमा सहयोग गरेको जिविसले जनाएको छ ।

जिविस म्याग्दी पछिल्लो समय प्रबिधिमैत्री बन्दै गएको छ । यसअघि अडियो नोटिस बोर्ड, डिजीटल हाँजीरी मेसीन, डिजीटल नागरीक बडापत्र प्रयोगमा ल्याइसकेको जिविसले कार्यालय परिसरलाई वाईफाई फ्रि बनाएको छ । प्रबिधिको उपयोगले सेवाग्राहीलाई सुबिधा र कर्मचारीको कार्यसम्पादनमा सहजता आएको जनाइएको छ ।

विभिन्न राष्ट्रिय, स्थानीय समाचारका साथमा नवविकल्प साप्ताहिकको ई–पेपरका लागि Login गर्नुहोस् –
www.bikalpanews.com
gjljsNk ;fKtflxs l8lh6n Gohkk/
हामीलाई फेसबुक र ट्वीटरमा समेत फलो गर्न सक्नुहुन्छ
https://www.facebook.com/bikalpanews/
https://twitter.com/NawabikalpaWeek

डिजाइन सम्बन्धी कामका लागि
शर्मा डेस्कटप
बेनीबजार, म्याग्दी
मो.नं. ९८५७६२१५६०

हार्दिक बधाई एवम् शुभकामना







जिल्ला स्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख वरिष्ठ मेडिकल सुपरिटेण्डेण्ड डाक्टर रोशन न्यापाने नेपालकै **'सर्वोकृष्ट स्वास्थ्य सेवा पुरस्कार'** नेपाल सरकारबाट नगद १ लाख रुपैयाँसहित सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि कार्यसफलताको शुभकामना व्यक्त गर्दछौं ।
चन्द्रकुमार के.सी.
अध्यक्ष एवम्
अस्पताल विकास समिति परिवार, म्याग्दी

रिपोर्टर डायरी

- सन्तोष गौतम



# सोलीघोप्टेको उकालो

फागुन १२ गते बुधबार बिहान ८.१० मा म्याग्दीका प्रहरी नायव उपरिक्षक विश्वराज खड्काको फोन आयो 'सन्तोष आज नारच्याङको पहिरो निरीक्षण गर्न जाउँ ।' पुर्वतयारी नभएकाले निर्णय गर्न सकिन् । एकै छिनमा बागलुङकी पत्रकार बबिता शर्माले फोन गरेर पोखराबाट उडेको बिमान सर्म्पकविहीन भएको जानकारी गराउनुभयो । पोखरा जोमसोम हवाई रूटमा पर्ने घोडेपानीका बासिन्दा टेकसर बुद्धुजा पुनलाई फोन गरेर जहाजको बारेमा जानकारी लिए । शिखमा रहेका बुद्धुजाले जहाज उडेको जानकारी नपाएको तर नारच्याङको घलाम्दी खोलाको मुहान क्षेत्रमा हेलीकप्टर उडिरहेको बताउनुभयो । म्याग्दीकाली एफ एमको समाचारकक्षबाट निस्कीएर जिल्ला प्रशासन कार्यालय अगाडी पुगे । नारच्याङ जान हिडेका प्रमुख जिल्ला अधिकारी सागरमणी पाठक, डिएसपी खड्का, जिल्ला भुसंरक्षण अधिकृत दिवाकर पौडेल लगायतसंग भेट भयो । जहाज सर्म्पक विहीन भएको तर स्थान पहिचान नहुँदा सबै अलमलमा थिए । नजिकै रहेको कोठामा पुगे । हतारमा खाना खादैं हराएको बिमानको खोजीका विषयमा पोखरा र जोमसोममा सर्म्पक गरिरहे ।

सर्म्पक विहीन तार एयरको कल साईन नाईन एन एएचएच भएको बिमान म्याग्दी र मुस्ताङको सिमा क्षेत्रमा हराएको सन्देश चारैतिर फैलीयो । खाना खाएपछि प्रजिअको निवास अगाडी पुगे । दानासम्म जाने सल्लाह भयो । एफ एममा पुगेर हराएको बिमानका बारेमा अनलाईन मार्फत थप जानकारी र सूचना जुटाउदै थिए प्रजिअ पाठकको फोन आयो । प्राप्त सूचना बोकेर दश बजेको समाचार पढ्न स्टुडियो छिर्नुपर्नेमा गाडी चढेर दानातर्फ हिडीयो । दश बजेको म्याग्दीकाली एफएमको समाचार गाडीभित्रबाटै बिमान वेपत्ता भएको, म्याग्दी र मुस्ताङलाई केन्द्र बनाएर खोजी सुरू गरिएको भनेर पढें । सबैले म्याग्दीमा जहाज दुर्घटना भयो भनेर फोन मार्फत सोधीरहे । तर पुष्टि भएको थिएन । दाना क्षेत्रलाई केन्द्रित गरेर खोजी भैरहेको म आवद्ध रासस, सगरमाथा टेलिभिजन, धौलागिरी टेलिभिजन, म्याग्दी काली एफ एम लगायतका सञ्चार माध्यम बाट सूचना प्रवाह गरिरहे । नारच्याङ जाने योजना दानातर्फ मोडियो ।

पोखरा बिमानस्थलबाट बुधबार बिहान ७.५० मा जोमसोमका लागि उडेको उक्त बिमान सर्म्पकबिच्छेद भएको खबर ८.१५ बजे सार्वजनिक भएको थियो । घोडेपानी माथिको आकाश काटेपछि सर्म्पक टुटेको जहाजको खोजीका लागि सुरक्षा निकाय र बिमानस्थलले म्याग्दी र मुस्ताङको सिमा क्षेत्रलाई केन्द्रित बनाएका थिए । बादरजुङ भिर म्याग्दी र मुस्ताङको सिमानामा पर्ने अक्करे पहाड हो । यस क्षेत्रको सबैभन्दा अप्ठ्यारो मानिने उक्त भिरको टुप्पोमा तारा एयरको टुईनअटर बिमान दुर्घटना भयो । २३ जनाको ज्यान जानेगरि भएको उक्त दुर्घटना आफैमा दुःखद हो त्यसमा पनि जहाज दुर्घटनापछि खोजी र उद्धारको काम पनि उत्तिकै जटिल र असहज रूपमा भएको छ । घटनास्थल पहिचान नहुँदा बिमान खोजीको पाँच घण्टा अलमलमै बित्यो । हामी दिउँसो १ बजे दाना गाविस २ काभ्रमा पुगेका थियौं । काभ्रेबाट गएका स्थानीयबासी र प्रहरीको टोलीले जहाज दुर्घटनाग्रस्त अवस्थामा देखिएको हामी काभ्रे पुग्नेवित्तिकै जानकारी प्राप्त भयो । सूचनालाई पुष्टि गरेर बेनीमा रहेका पत्रकार साथी कमल खत्रीलाई जानकारी गराई समाचार सम्प्रेषण गर्न लगाए ।

खत्री र म दुवैजना राससमा कार्यरत भएकाले दुर्घटनास्थलमा म जाने, बेनीमा बसेर उनले समन्वय गर्ने सल्लाह भएको थियो । सगरमाथा टिभी, धौलागिरी टिभी, म्याग्दीकाली एफ एममा समाचार टिपाएँ । समाचार टिपाउने कामसंगै घटनास्थलतर्फ जान हामी उकालो उक्लन थाल्यौं । स्थानीयबासीन्दाले उकालो, चिसो र बिकट भएकाले घटनास्थल पुग्न दुःख हुने बताएका थिए । डिएपी खड्का, कान्तीपुरका पत्रकार घनश्याम खड्का, राष्ट्रिय अनुसन्धानका बिरेन्द्र श्रेष्ठ र केही प्रहरीहरू संगै थियौं । प्रजिअ पाठक, म्याग्दीअनलाईनका निर्मल खत्री लगायतको टोली भुरूङ तातोपानीमा खाना खान रोकीएकाले केही पछि थियो ।

प्रहरी जवान फुलकुमार थापा, काभ्रेका शिक्षक श्यामबहादुर पुन, नविन खड्का, लालबहादुर पुन र सुकबहादुर बुढाको टोलीले सबैभन्दा पहिले घटनास्थल देखेको थियो । १० बजे काभ्रेबाट हिडेका उनिहरू एक बजे घटनास्थल नजिक पुगेका थिए । 'भिरमा सेतै देखिएछि टाढाबाट हिउँ परेछ भन्दै त्यतैतर्फ हिड्यौं । करिब तिस मिनेट हिडेपछि आगो बलीरहेको देखियो' घटनास्थलमा पुगेका शिक्षक पुनले भन्नुभयो 'प्रहरी जवानले जिल्लामा खबर गर्नुभयो । हामीले पनि गाउँका अरूलाई खबर गर्‍यौं ।'

दिउँसो एक बजे काभ्रेबाट हिडेका हामी पाँच बजे घटनास्थल पुग्दा पहाडको टाकुरामा छरीएर रहेका शव, जहाजका पाटपुर्जा, टुक्राहरु देखिन्थ्यो । जहाज र मानिसका शरिर आगोले जलिरहेको थियो । दुई सय मिटर वरपर भिरमा शव लडेको, कागजपत्र, लत्ताकपडा र जहाजका टुक्राहरू छरिएका थिए । बाक्लो हुस्सु लागेकाले दुई मिटर नजिकको दृष्य पनि देख्न सकिदैनथ्यो । अक्करे भिरमा खपीनसक्नुको चिसो र दर्दनाक दृष्यले आत्तिएको उकालोको थकाई भन्दा बढी मनमा पीडा भैरहेको थियो । मानिसहरू खेलौना जस्ता देखिन्थ्ये । डडेलोमा परेका काठका मुडाजस्तै । घटनास्थलमा पुगेका नविन खड्काले भन्नुभयो 'यस्तो घटना हामीले कहिल्यै देखेका थिएनौं । निकै आत्तियौं ।' उनिहरू जहाजमा आफन्तहरू पनि रहेको जानकारी पाएपछि घटनास्थलको खोजीमा हिडेका थिए ।



उनिहरू पुगेको केही समयपछि जिल्ला प्रहरी कार्यालयका प्रहरी निरिक्षक लोकेन्द्र सिङ गुरू नेतृत्वको प्रहरी, ईन्द्रबक्स गणका सहसेनानी सञ्जिव दाहाल नेतृत्वका २० जनाको सैनीक टोली पनि घटनास्थल पुगेको थियो । घटनास्थल पुगेपनि हामीलाई तस्विर र भिडीयो खिच्न भने प्रहरीले अनुदार ब्यवहार देखायो । प्रहरी निरिक्षक गुरूले माथिको आदेश भन्दै जहाजको मुख्य भाग रहेको ठाउँमा जान दिएनन् । हाम्रो क्यामेरामा प्रहरीले सिमित संख्यामा तस्विर र भिडीयो खिचेर दिए । त्यती दुःख गरेर घटनास्थल पुगेर भनेको जस्तो तस्विर, भिडीयो खिच्न नपाएकोमा दुःख लागीरहेको छ । घटनास्थलको विस्तृत जानकारी तस्विर र दृष्य मार्फत आम जनमानसम्म पुराउने हाम्रो जिम्मेवारी हो भन्ने कुरा प्रहरी निरिक्षकले बुझ्नेनन् अथवा बुझेर पनि बुझ पचाए त्यो उनले जान्ने विषय हो । बिमान खोज्न फरक, फरक स्थलमार्ग भएर सुरक्षाकर्मी र स्थानीयबासी परिचालन भएका थिए ।

समुद्रि सतहदेखि करिब तिन हजार पाँच सय मिटरको उचाईमा अवस्थित उक्त स्थानको भौगोलिक बनावट पानीघट्टमा प्रयोग हुने सोलीलाई घोप्टो पारेजस्तै आकारको छ । काभ्रेदेखि भेडिखर्क हुदै गुराँसको जंगल र भेडाबाख्रा मात्रै हिड्न सक्ने पाईताला मात्रै अडिने ठाडो भिरमा खरका गाज समाउदै घटनास्थल पुगेका थियौं । चिसो, खराब मौसम, उद्धार सामाग्रीको कमी र हुस्सुका कारण घटनास्थल पहिचान भएपनि बुधबार शव संकलन गर्ने काम हुन सकेन् । बिमानको खोजी र उद्धारमा परिचालन भएको नेपाली सेना र निजी कम्पनीको हेलीकप्टर घटनास्थल नजिकै ल्याण्ड हुन सकेको थिएन् । घटनास्थलको तस्विर भिडीयो पठाउनका लागि घनश्याम खड्काले संगै लिएर जानुभएको ल्यापटप खालेर क्यामेराबाट सार्‍यौं । स्काईप्रोले पुरा टावर देखायो । तर डाटा नभएकाले ईन्टरनेट चलेन । हामीलाई जतिसक्दो छिटो तस्विर, भिडियो आफु कार्यरत सञ्चार माध्यममा पठाउनु थियो ।

ल्यापट र स्काईप्रो भएको मेरो झोला बोकेका साथी निर्मल खत्री उकालो चढन नसकेर घटनास्थल भन्दा एक घण्टा तल बाटै फर्कीसकेका थिए । तस्विर पठाउनैका लागि भएपनि ईन्टरनेट चल्ने ठाउँमा पुग्ने निर्णय गर्‍यौं । साझ ६ बजे घटनास्थलबाट काभ्रेतर्फ हिड्यौं । बाटोमा धौलागिरी अञ्चल प्रहरी प्रमुख छबिलाल बञ्जाडेको नेतृत्वमा रहेको नेपाल प्रहरी र केही शसस्त्र प्रहरीको टोली उक्लदै थियो । अध्यारो भएकाले चिन्न सकिएन् । जंगलको बाटो साथमा टर्च थिएन् । मोवाईलको ब्याट्री पनि सकिन लागेको थियो । घनश्याम दाईसंग दुई वटा मोवाईल रहेछ् । मेरो मोवाईलमा ब्याट्री सकिएर स्विच अफ भएको थियो । रातमा उज्यालोका लागि भनेर एउटा मोवाईलको ब्याट्रीमा पावर बचाउन स्वीच अफ गर्नुभएको थियो । करिब एक घण्टा ओरालो झरेपछि जंगलको बिचमा डिएसपी खड्का तिन जना अरू प्रहरीसंगै त्यही बास बस्ने तयारी गर्दै हुनहुन्थ्यो ।

घटनास्थलमा पुगेका सुरक्षाकर्मी, स्थानीयबासी र मृतकका आफन्तहरूको टोलीले चिसोमा आगो तापेर रात कटाए । सुरक्षाकर्मीको टोलीलाई हेलीकप्टर मार्फत बन्दोबस्ती, उद्धार सामाग्री र तयारी खाद्यान्न पुर्‍याइएको थियो । काभ्रे गाउँ भन्दा माथिको खर्कमा हेलीकप्टरले पुर्‍याएको खानेपानी लगायतका सामाग्री सुरक्षाकर्मीले साढे दुई घण्टा माथि बोकेर लगेका थिए । घटनास्थल पहिलो चरणमा पुगेका स्थानीयबासीन्दा र सुरक्षाकर्मीलाई काभ्रेका बासिन्दाले बुधबार दिउँसो खाजा र पानी पुर्‍याएर सहयोग गरेका थिए । बेनी जोमसोम सडकको काभ्रे खण्डदेखि पाँच घण्टा जंगल र अक्करे भिरमा उकालो हिडेपछि जहाज दुर्घटना भएको ठाउँमा पुग्न सकिन्छ । काभ्रे सदरमुकाम बेनी देखि करिब पैतिस किलोमिटर उत्तरतर्फ पर्छ । काभ्रे भन्दा माथि कुनै मानव बस्ती छैन् । सोलीघोप्टे भएर बर्खामा भेडाबाख्राको गोठ लेक र हिउँद लागेपछि बेशी झर्छन् ।

सो क्षेत्र जहाजको रूटमा पर्दैन् । घोडेपानीदेखि पाउद्धार, निलगिरी र अन्नपूर्ण हिमालको बिचको आकाश भएर पोखरा जोमसोमको हवाई उडान हुने गर्दछ । बुधबार दुर्घटना भएको जहाजले घोडेपानीदेखि नियमित रूट बदलेर घारको खिवाङ, भुरूङ तातोपानी माथिको आकाशहुदै उडेको स्थानीयबासीन्दाले बताए । जहाज नियमित हिड्ने रूटमा पर्ने आकाशमा कुहीरो लागेको थियो । फरक बाटो जहाज उडेको देखेर अनौठो मानेका स्थानीयबासीन्दाले बस्तीदेखि धेरै टाढाको पहाडमा जहाज ठोक्कीएको तत्कालै जानकारी पाएनन् । पोखराबाट फोन मार्फत जहाज हराएको खबर आएलगत्तै सोलीघोप्टे र मुस्ताङको घाँसा क्षेत्रलाई केन्द्र बनाएर स्थानीयबासी र सुरक्षाकर्मी परिचालन भएका थिए । घटनास्थल वरपर बस्ती नभएको र कालीगण्डकी किनारको बस्तीबाट हुस्सु लागेको पहाडको टाकुरामा केही नदेखिएको कारण घटनास्थल नजिकै पुगेपछि मात्रै जहाज दुर्घटनाको पुष्टि भएको हो ।

सोलीघोप्टेको उकालो उक्लदा र झर्ने क्रममा सास फेर्न कठिन भैरहँदा फोनमा कुरा गर्दा गर्दा हैरान भएको थियो । फोन राख्न नपाउदै लगत्तै अर्को फोन आउथ्यो । पानीको प्यास लागेपनि मुख भिजाउने भन्दा अरू बढी पानी पाइएन् । मुख सुकेर बोल्न पनि अप्ठ्यारो भएको थियो । उकालो उक्लने क्रममा भोक लागेपछि संगै गएका स्थानीयबासीसंग पाँच वटा बिस्कुट किनेर दुई वटा मैले र तिन वटा संगै रहेका प्रहरीले खायौं । त्यही दुई वटा बिस्कुटका भरमा उकालो उक्लीए । घटनास्थलमा हामी पुग्दा सिमसिम पानी र सामान्य हिउँ पर्न थालेपछि तल झर्दै गरेको सेनाको टोली राती सोलीघोप्टे देखि एक घण्टा तल गुराँसे जंगलमा क्याम्प राखेर बसेको थियो ।

जंगलको बाटो स्याउलाले चिनिदैनथ्यो । मुल बाटो पत्ता लगाउन कठिन भयो । बाटोमा फालीएका बिस्कुट, चाउचाउका खोल र पानीका बोत्तललाई हामीले गोरेटो पहिल्याउने आधार बनायौं । एक ठाउँमा काठको मुडा अध्यारोमा चितुवा जस्तै देखियो । एकछिन तर्सीए । बाटोमा पोखराबाट आएको नेपाल प्रहरीको टोली खुल्ला आकाशमुनी बारीको पाटामा निदाउने तयारी गर्दै थिए । राती ८ बजेतिर काभ्रे आईपुग्दा कुश्माबाट आएको सशस्त्र प्रहरी प्रहरी बलका चण्डीका गणको टोली भेटियो । निर्मल र बिरेन्द्रसंग भेट भयो । प्रजिअ र प्रनाउलाई पहिलेनै काभ्रेदेखि भुरूङ तातोपानी जानका लागि गाडीको ब्यवस्था गरिदिन अनुरोध गरेका थियौं । एकैछिनमा प्रहरीको गाडी आयो । भुरूङ तातोपानी आईपुग्दा १० बजेको थियो । सुत्ने तयारीमा रहेका होटलका कर्मचारीलाई अनुरोध गरेर ईन्टरनेट खोल्न लगायौं । तस्विर पठायौं । ईन्टरनेटको क्षमत्ता कम भएकाले भिडीयो पठाउन सकिएन् । तस्विर पठाएपछि बल्ला भोक लाग्यो । खाना खायौं । बिस्तारामा पुग्दा १२ बजेको थियो । ■



प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४

**बागलुङ देवी सुन चाँदी गहना पसल**

बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी

फोन : ०६९-५२००५६

हाम्रा सेवाहरू

यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।

साथै राशि अनुसारको पत्थर पनि पाइन्छ ।

# इन्टरनेट विस्तारका लागि प्रवासीको सहयोग

■ हरिकृष्ण गौतम



मोना आइइसीका अध्यक्ष योगेन्द्र क्षत्री र स्थानीय विकास अधिकारी चिरन्जीवि पौडेल विच सहयोग सम्झौता गर्दै ।

म्याग्दीका दुर्गम वस्तीहरूलाई सूचना प्रविधिसँग जोड्नका लागि इन्टरनेटको विस्तार गरिने भएको छ । जिल्लाभर वाइफाई मार्फत इन्टरनेट सेवा विस्तारका लागि प्रवासी म्याग्देलीहरूले सहयोग जुटाउने भएका छन् । जिल्ला विकास समिति र महाविर पुनले सुरु गरेको अभियानमा गैरआवासीय म्याग्देलीहरुको साझा संस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना आईईसी)ले आर्थिक जुटाउन शुक्रबार स्थानीय विकास अधिकारी चिरञ्जीवि पौडेलसंग सम्झौतामा हस्ताक्षर भएको हो ।

जिल्लाका दुर्गम वस्तीहरूमा सूचना प्रविधिको पहुँच विस्तार गर्न आफूहरूले सहयोग जुटाउन लागेको मोना आईईसीका अध्यक्ष योगेन्द्र बहादुर क्षत्रीले बताए । प्रवासी म्याग्देलीले ५० देखी १ करोडसम्म संकलनको लक्ष्य राखेका छन् ।

बेनी नगरपालिका र ३५ गाविसमा रहेका विद्यालय, समुदाय, स्वास्थ्य चौकी सहित सार्वजनिक महत्वका क्षेत्रमा निशुल्क र ब्यक्तिगत प्रयोजनका लागि मर्मत खर्च जुट्ने गरी इन्टरनेटको ब्यवस्था गरिने स्थानीय विकास अधिकारी पौडेलले बताए ।

विगतमा समेत जिविसले इन्टर नेट विस्तारका लागि आवश्यक सहयोग गरेको बताउँदै पौडेलले टेलिमेडिसिन सेन्टर, एक गाउँ एक सूचना केन्द्र सहित प्रविधिका क्षेत्रमा म्याग्दीलाई नेपालमै नमुना बनाउने गरी काम अगाडी बढ्ने बताए । महावीर पुनले जिल्लाका केही गाविसमा इन्टरनेट सुविधा विस्तार गरेपछि शिक्षा, स्वास्थ्य सेवामा समेत सहज भएकाले सहकार्य गरी अभियानलाई अगाडी बढाउने समेत पौडेलले बताए ।

ग्रामिण दुरसञ्चार प्राधिकरणले समेत कुल लागतको ५० प्रतिशत बजेट सहयोग गर्ने प्रतिबद्धता जनाइसकेको छ । अप्टिकल फाइबर सहितको सुविधालाई पहिलो चरणमा सदरमुकाम आसपासका क्षेत्रबाट अगाडी बढाउने योजना समेत रहेको छ । दुरसञ्चार प्राधिकरणले म्याग्दीलाई नमुना जिल्लाको रूपमा विकास गर्न सघाउने लिखित प्रतिबद्धता समेत जनाइसकेको छ ।

करिव ४ करोड रूपियाँ अनुमानित बजेट,टावर राख्ने स्थानको छनौट,सञ्चालन संरचना, मर्मतसम्भार कोष, प्राविधिक अवधारणा, आवश्यक उपकरणका साथै अन्य विभिन्न आवश्यक पुर्वाधारको ब्यवस्थापन भइरहेको छ । उत्तरी म्याग्दीका जंगलमा रेडियो राखेर गाउँमा इन्टर नेट विस्तार गरेर विश्व प्रख्यात भएका पुनले जिल्लाको राम्चे गाविसमा २०६२ सालबाट सुरु गरिएको बेतारे इन्टरनेटको प्रयोग गरेकाले पनि जिल्लालाई वाइफाईयुक्त बनाउन प्राविधिक, आर्थिक, अनुभव र सक्रियताको आधारमा सम्भव देखिएको छ ।

डिजिटल प्रविधिको यूगमा पहाडी जिल्लामा महाविरले प्रयासमा सफलतापुर्वक सञ्चालन भइरहेको इन्टरनेटलाई सबै क्षेत्रमा पुऱ्याउन बैंक तथा वित्तिय संस्था, गैरसरकारी संस्था, प्रवासीले समेत लगानीको प्रतिबद्धता जनाइसकेका छन् ।

बेनी नगरपालिका र ३५ गाविसमा इन्टरनेट पुऱ्याउन ४० स्थानमा हटस्पट, वायरलेस उपकरण जस्तै पावर ब्याकअफ, सौर्य उपकरण, मुख्य सर्भर राखिने स्थानका लागि प्राविधिक पक्षसँग स्थलगत अवलोकन पछि पुर्वाधार विस्तारको तयारी गरिएको छ । त्यस्तै हटस्पट राखिएका स्थानमा मात्रै बार्षिक २९ लाख खर्च हुने अनुमान गरिएको छ ।

हाल जिल्लाका २५ गाविसमा महाविर पुनको प्रविधिबाटै इन्टरनेट प्रयोग गरेकाले थप सेवाका लागि सोही लिंकलाई प्रयोग गरी सेवाविस्तार गर्न सजिलो र कमखर्चिलो हुने देखिएपनि बाँकी गाविसमा हटस्पट निर्माणसँगै सोलार जडान गर्नुपर्ने हुन्छ ।

स्थानीय स्तरमा समेत लघुजलविद्युत नभएका र केन्द्रिय प्रसारण लाइन पुग्न समय लाग्ने गाविसमा धेरै सोलार खपत हुने भएकाले पनि विस्तारकै क्रममा अनुमानित बजेट बृद्धि हुने अनुमान प्राविधिक पक्षको छ । राजनीतिक दलको सर्वदलीय बैठकले जिविसले कुल बजेटको ०.५, प्रत्येक गाविसले १.५० प्रतिशत बजेट विनियोजनको तयारी समेत गरेका छन् । गत बर्षदेखी जिविसले बार्षिक ७ लाख रूपैयाँ इन्टरनेट सेवा विस्तारमा खर्च गर्ने गरी विनियोजन गरेको छ ।


## हार्दिक बधाई







चिरञ्जीवी शर्मा | भरत ब. रकाल | मुकुन्द छन्त्याल | धन ब. छन्त्याल | ओम ब. छन्त्याल

हालै सम्पन्न नेपाली काँग्रेस म्याग्दीको छैठौं जिल्ला अधिवेशनबाट यस संस्थाका सल्लाकार चिरञ्जीवि शर्मा, अध्यक्ष भरतबहादुर रकाल, शेयर सदस्यहरु मुकुन्द छन्त्याल, धनबहादुर छन्त्याल र ओमबहादुर छन्त्याल क्रमशः खुल्ला तर्फ, अल्पसंख्यकतर्फ केन्द्रीय महाधिवेशन प्रतिनिधि र जिल्ला सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै निर्वाचित सम्पूर्ण पदाधिकारीहरुमा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

शिव खड्का, प्रबन्धक | एवम् | चिरञ्जीवी शर्मा, सचिव

**सिद्धिविनायक वचत तथा ऋण सहकारी संस्था लि परिवार**

बेनीबजार, म्याग्दी



## हार्दिक बधाई


हरिकुमार श्रेष्ठ


टंक हमाल


रेशमबहादुर बानियाँ


तमबहादुर थापा


माधवप्रसाद रेग्मी


मिनबहादुर कार्की

हालै सम्पन्न नेपाली काँग्रेस म्याग्दीको छैठौं जिल्ला अधिवेशनबाट यस संस्थाका संस्थापक अध्यक्ष हरिकुमार श्रेष्ठ सचिव, निर्वतमान अध्यक्ष टंक हमाल कोषाध्यक्ष, शेयर सदस्य रेशमबहादुर बानियाँ र सञ्चालक समितिका सदस्य तमबहादर थापा महाधिवेशन प्रतिनिधि र शेयर सदस्य माधवप्रसाद रेग्मी र मिनबहादुर कार्की जिल्ला सदस्य पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै निर्वाचित सम्पूर्ण पदाधिकारीहरुमा सफल कार्यकालको लागि शुभकामना ब्यक्त गर्दछौं ।

भरतकुमार राजभण्डारी, प्रबन्धक | सञ्जयकुमार श्रेष्ठ, सचिव | शिवकुमार श्रेष्ठ, अध्यक्ष

**बेनी वचत तथा ऋण सहकारी संस्था परिवार**

बेनीबजार, म्याग्दी



## हार्दिक बधाई


खमबहादुर गर्बुजा


हरिकुमार श्रेष्ठ


टंक हमाल

हालै सम्पन्न नेपाली काँग्रेस म्याग्दीको छैठौं जिल्ला अधिवेशनबाट जिल्ला सभापति पदमा खमबहादुर गर्बुजा, सचिव पदमा हरिकुमार श्रेष्ठ, कोषाध्यक्ष पदमा टंक हमाल र निर्वाचित जिल्ला कार्य समिति, महाधिवेशन प्रतिनिधि सम्पूर्णलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना ब्यक्त गर्दछौं ।

ज्ञानेन्द्र श्रेष्ठ, कोषाध्यक्ष | हरिप्रसाद पौडेल, सचिव | अनोद श्रेष्ठ, सभापति

**नेपाली काँग्रेस बेनी नगर कमिटी परिवार**

बेनीबजार, म्याग्दी



**सगुन स्टेशनरी स्टोर्स**

विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर बिक्रेता

क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

# पत्रकार गौतम कतारमा सम्मानित

■ नवविकल्प

म्याग्दीका पत्रकार हरिकृष्ण गौतम कतारमा सम्मानित भएका छन् । म्याग्दी प्रवासी नेपाली संघ राष्ट्रिय कार्यकारी समितिले कतारको दोहामा आयोजित कार्यक्रममा गौतमलाई जिल्लामा रहेर सामाजिक विकासका साथै परोपकारी क्षेत्रमा कलम चलाएको भन्दै सम्मानित गरेको हो । गौतमले प्रवासी म्याग्देलीका गतिविधिका बारेमा समेत कलम चलाउँदै आएका छन् । हालै मात्र कतार भ्रमणमा पुगेका पत्रकार गौतमलाई कतारमा बस्ने म्याग्देलीहरूले नगद २१ हजार १२१ रुपियाँ र कदर पत्रले सम्मान गरेका हुन ।



मोना कतारको ब्यानर अनावरण र साक्षत्कार कार्यक्रममा मोना अन्र्तराष्ट्रिय कार्यकारी समितिका अध्यक्ष योगेन्द्र बहादुर क्षत्री, मोना कतारका अध्यक्ष गणेश प्रसाद श्रेष्ठ र एनआरएनए कतारका अध्यक्ष विनेश तामाङले सम्मान गरेका हुन् ।

पत्रकारिताबाट आर्थिक अवस्था कमजोर भएकालाई उपचार खर्च जुटाउन गौतमले खेलेको भूमिकाले पत्रकारिताको जिम्मेबारीलाई प्रष्ट पारेको कार्यक्रमका बक्ताले बताएका थिए । गौतमले जिल्लामा आर्थिक अवस्था कमजोर भएको उपचारमा प्रवासबाट सहयोग जुटाउन महत्वपुर्ण भूमिका खेल्ने गरेका छन् । गौतम म्याग्दीबाट न्युज २४ टेलिभिजन,नागरिक दैनिक र स्थानीय नवविकल्प साप्ताहिकमा समेत कार्यरत छन् ।

# डा. न्यौपानेलाई नेपालकै उत्कृष्ट पुरस्कारले सम्मानित

■ नवविकल्प

नेपाल सरकारले जिल्ला स्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख डा. रोशन न्यौपानेलाई उत्कृष्ट स्वास्थ्य सेवा पुरस्कारबाट सम्मानित गरेको छ । स्वास्थ्य मन्त्रालयले स्वास्थ्य सेवा प्रवाहमा विशेष योगदान गरेकाहरुबाट छनौटमा डा. न्यौपानेलाई यसबर्षको उत्कृष्ट स्वास्थ्य सेवा पुरस्कारबाट सम्मानित गरेको हो ।



पुरस्कारको नगद राशी एक लाख रुपैयाँ रहेको छ । वरिष्ठ मेडिकल सुपरिटेन्डेन समेत रहेका न्यौपानेले स्रोत र साधनको अभावका बाबजुद् पनि स्थानीयस्तरमै सहयोग जुटाएर जटिल मानिएका अप्रेसन सहितको सेवालाई जिल्लास्तरमै उपलब्ध गराउन सफल भएकाले न्यौपानेलाई राष्ट्रिय पुरस्कार प्रदान गरिएको जनस्वास्थ्य प्रशासन अनुगमन तथा मुल्याङकन महाशाखाले जनाएको छ । करिव साढे २ वर्ष अगाडी जिल्लामा आएका डा. न्यौपाने हाईजोर्नी तथा नशा रोग सम्बन्धि उपचारलाई जिल्ला अस्पतालमै सुरु गरेपछि ग्रामिण क्षेत्रका बासिन्दाले समेत सहज र निशुल्क सेवा पाइरहेका छन् ।

पछिल्ला दुईबर्ष यता सुविधा सम्पन्न अस्पतालमा गरिने जटिल अप्रेसन समेत जिल्लामै गरिएको छ । डा.न्यौपानेले अस्पतालमा चिकित्सक थप गर्न, डेन्टल सेवा, साझा औषधी पसल सहित विभिन्न सेवा थप गर्न सफल भएका थिए । पछिल्लो समय अस्पतालको गुणस्तरमा वृद्धि भएको छ ।

# म्याग्दीको हाते कागज उद्योग नेपालकै उत्कृष्ट

■ नवविकल्प

देशभर सञ्चालित घरेलु तथा साना उद्योगहरूबीच भएको प्रतिस्पर्धामा म्याग्दीको हाते कागज उद्योग प्रथम भएको छ ।

उद्योग मन्त्रालय अन्तरगतको घरेलु तथा साना उद्योग विकास बिभागले काठमाडौंमा गरेको प्रर्दशनीमा राम्चे गाविस २ नांगीमा रहेको हिमाञ्चल हाते कागज उद्योगले प्रथम स्थान हाँसील गरेको हो । आईतबार सम्पन्न ६ दिने प्रर्दशनीमा ७३ जिल्ला र काठमाडौं उत्पत्यका उद्यमीहरूको सहभागिता रहेको थियो ।

प्रथम भएको कागज उद्योगलाई बिभागले नगद १५ हजार रूपैयाँ पुरस्कार सहित ट्रफी र प्रमाणपत्र प्रदान गरेको हिमाञ्चल हाते कागज उद्योगका संयोजक चित्र तिलीजा पुनले जानकारी दिए । उनका अनुसार उत्पादनको बिबिधता, गुणस्तर, उद्योगमा प्रयोग हुने स्वदेशी कच्चा पदार्थ, रोजगारी सिर्जना लगायतका आधारमा उत्कृष्ट उद्योग छनौट भएको हो ।

पुरस्कारले म्याग्दीमा घरेलु तथा साना उद्योगको सम्भावना उजागर हुनुका साथै उद्यमीहरूलाई थप हौसला मिलेको संयोजक पुनले बताए । 'हामीले प्राप्त गरेको पुरस्कार म्याग्दी जिल्लाको गौरव, प्रतिष्ठा र सम्भावनासंग जोडिएको छ' पुनले भने ।

उक्त प्रर्दशनीमा घरेलु तथा साना उद्योग विकास समिति म्याग्दीको सिफारीसमा कागज उद्योगको साथै बेनीको मंगलाघाटमा सञ्चालित जालपा फुड प्रोडक्टले पनि खाद्य बस्तुतर्फ सहभागिता जनाएको थियो । वि.स २०७० मा स्थापित हाते कागज उद्योगमा ९ जना महिलाहरूले रोजगारी पाएका छन् ।

उद्योगले कागज उत्पादनका क्रममा स्थानीय सिप र स्रोत साधनमा आधारीत फरक प्रविधिको प्रयोग गरेको छ । सिसाको घर बनाएर त्यहाँभित्र कागज सुकाउने प्रविधि प्रयोगमा ल्याएको हो । उद्योगले नेपाली कागजको डायरी, सपीङ ब्याग, खेलौना र गहनाहरू पनि उत्पादन गर्दै आएको छ ।

उद्योग सञ्चालन भएपछि बर्षौंदेखि जंगलमा कुहिएर खेर गैरहेको लोक्ताको सदुपयोग हुनुका साथै बरोजगार महिलाहरूलाई रोजगारीको अवसर प्राप्त भएको छ । उद्योगको उत्पादन राजधानी काठमाडौं, स्थानीय बजार र दक्षिण कोरीयामा पनि निकासी हुने गरेको छ । उद्योगको आम्दानी स्थानीय हिमाञ्चल उच्च मावि सञ्चालनमा परिचालन हुने गरेको छ ।

# म्याग्दीका कृषकले पशुको बिमा गर्न थाले

■ नवविकल्प

म्याग्दी जिल्लाका कृषकहरूले पशुको बिमा गर्न थालेका छन् । बिमा कार्यक्रमले पशु मर्दा आर्थिक रूपमा हुने क्षती कम गर्न र व्यवसायलाई निरन्तरता दिन कृषकलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

पहिलो पटक नारच्याङका कृषकले खच्चरको बिमा गरेको र अन्य ठाउँका कृषकहरूले पनि पशु बिमा गर्ने तयारीमा रहेको प्रभु ईन्सुरेन्स कम्पनीका प्रतिनिधि ध्रुव चोखालले जानकारी दिए । उनका अनुसार खच्चरको ११ लाख रूपैया बराबरको बिमा भैसकेको छ । घतान, पुलाचौंर, ज्यामरूककोट, अर्मनका कृषकले पनि बिमाका लागि बोलाएको प्रतिनिधि चोखालले बताए ।

उनका अनुसार यस वर्ष करिब चार सय बाख्रा र दुई सय वटा गाईभैसीको बिमा हुन लागेको छ । पशु बिमाका लागि सरकारले अनुदानको व्यवस्था गरेपछि कृषकको आकर्षण बढेको हो । बिमा शूल्कमा सरकारले ७५ प्रतिशत अनुदानको व्यवस्था गरेको छ ।

दुई वर्षअघिदेखि म्याग्दीमा पशु बिमा कार्यक्रम सुरू भएपनि कृषकले सुविधा पाउन सकेका थिएनन् । बिमा कम्पनीले यसै वर्ष मात्र बेनीमा शाखा कार्यालय स्थापना गरेकाले सो सुविधाप्रति कृषकको पहुँच पुगेको बेनपा १२ का बाख्रापालक कृषक सञ्जय कुँवरले बताए ।

बिमा गर्ने प्रक्रिया, क्षतीको दावी तथा भुक्तानी सम्बन्धि प्रक्रियाको बारेमा जानकारी र कम्पनीका कार्यालय नहुँदा समस्यामा परेका कृषकलाई अहिले राहत मिलेको उनले बताए । भेडा, बाख्रा, गाई, भैसी, घोडा, खच्चर, बंगुर लगायत पशु तथा कुखुरा, हाँस आदी पंक्षीहरूको बिमा गर्न सकिने व्यवस्था रहेको छ ।

पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन सकेमा कृषकहरूलाई राहत र प्रोत्साहन मिल्ने जिल्ला पशु सेवा कार्यालयका प्रमुख बरिष्ठ पशु चिकित्सक दयाराम चापागाइले बताए । पशु बिमा कार्यक्रमको विषयमा कृषक समूह र बिभिन्न तालीमहरूमा ब्यापाक प्रचारप्रसार गरिएकाले चासो बढेको उनले बताए ।

पशु सेवा कार्यालयका अनुसार बिमा कम्पनीको ढिलाईले दुई वर्षअघि सुरू भएको कार्यक्रम अहिले आएर सुरू भएको हो । पटक पटक ताकेता गरेर बिमा कम्पनीको बेनीमा कार्यालय स्थापना गर्न सफल भएपछि मात्रै बिमा कार्यक्रमले तिव्रता पाएको चापागाईले बताए ।

# मदन भण्डारी फाउन्डेशनको अध्यक्षमा केसी

■ नवविकल्प




म्याग्दीको बेनीमा शनिवार सम्पन्न मदन भण्डारी फाउन्डेशनको कार्यक्रमबाट अध्यक्षमा चन्द्रकुमार केसी चयन भएका छन् । यसै गरी समितिको सचिवमा गणेश बरूवाल, सदस्यमा प्रमोद श्रेष्ठ, तर्क केसी, जंग गर्बुजा, कृष्ण बहादुर बानियाँ,कुविर कुमार श्रेष्ठ, गोविन्द्र बानियाँ, डिपि शर्मा, घनश्याम खड्का, टेक बहादुर रावल, दिवा पुन, दिनेश केसी,राजु बानियाँ र दिलु बिटालु रहेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि स्थायि कमिटी सदस्य शंकर पोख्रेलले फाउन्डेशनले पार्टीको विचारलाई नागरिकसामु पुऱ्याउने र सामाजिक कार्यक्रमलाई अगाडी बढाउनुपर्ने बताए ।

सोही अवसरमा विषेश अतिथि फाउन्डेशकी केन्द्रिय अध्यक्ष उशाकिरण भण्डारीले समेत फाउन्डेश स्थापनाको उद्देश्य र गर्नुपर्ने कार्यक्रम सहित यसले पार्टीका अभियानलाई पार्ने प्रभावका बारेमा बोलेकी थिइन् । अध्यक्षता फाउन्डेशनका केन्द्रिय सदस्य गणेश तिमिल्सेना, विषेश अतिथि फाउन्डेशकी केन्द्रिय अध्यक्ष उशाकिरण भण्डारी, फाउन्डेशनका केन्द्रिय देवराज घिमिरे, भुपेन्द्र थापा, एमाले म्याग्दी अध्यक्ष हरिकृष्ण श्रेष्ठ लगाएतको उपस्थिती रहेको थियो ।

त्यस्तै सोही अवसरमा नारायण पुनको अध्यक्षतामा स्पोर्टस एकेडेमी समेत गठन गरिएको छ । सदस्यमा दिनेश केसी, हरी केसी, भिमसेन केसी, धनबहादुर पुर्जा, भूपेन बानियाँ,विषन राना, जिवन कार्की, चन्द्र घले, सुजन थापा, चन्द्र पाईजा,अनुप गौंचन र सुजन हमाल रहेका छन् ।

# काठमाण्डौ जानभन्दा चित्रे पुग्न बढी भाडा

■ नवविकल्प

बेनीदेखि राजधानी काठमाडौं पुग्न भन्दा म्याग्दीकै घार गाविस २ चित्रे पुग्न धेरै सवारी भाडा तिर्नुपर्ने बाध्यता रहेको छ ।

बेनीदेखि २२५ किलोमिटर टाढा राजधानी काठमाडौं पुग्न प्रतियात्रु आठ सय रूपैया भाडादर छ भने करिब ३० किलोमिटरको दुरीमा रहेको घार गाविसको चित्रे पुग्न एक हजार रूपैयाँ तिर्नुपर्छ ।

'हाम्रो लागी गाडी चढ्ने रहर आकाशको फल आँखा तरी मर भनेझैं भएको छ' चित्रेकी सबिना पुनले भनिन 'गाडी चढ्नुभन्दा हिडेर छिटो र सुरक्षित रूपमा गन्तब्यमा पुगीन्छ । चित्रेबाट बेनी पुग्ने भाडा काठमाडौं जानभन्दा महँगो छ ।'

बेनी जोमसोम सडकको पोखरेबगरदेखि घार र शिख हुदै चित्रे जोड्ने सडकको जिर्ण अवस्थाका कारण सर्वसाधारणले महँगो भाडा तिरेर जोखीमपूर्ण यात्रा गर्न बाध्यता भएका छन् । सडक साघुरो, घुमाउरो, उकालो र खाल्डाखुल्डी धेरै हुदा यात्रा जोखिमयुक्त बनेको हो ।

पोखरेबगरदेखि चित्रेसम्मको १० किलोमिटर दुरीको सडक जोखिमयुक्त छ । उक्त सडक शिख र घारका बासिन्दाका साथै म्याग्दीको प्रमुख पर्यटकीय स्थल घोडेपानी जाने आउने आन्तरीक तथा बाह्य पर्यटकले प्रयोग गर्छन् ।

सडक जिर्ण भएकाले सवारी साधन चलाउन निकै दुख हुनुका साथै दर्जनौ ठाउँमा यात्रु ओरालेर धकेल्न लगाउने गरेको सवारी चालक दिपेन्द्र बस्यालले बताए । सडकको अवस्था प्रतिकुल भएपनि यात्रुलाई सुबिधा दिन बाध्यताले उक्त सडकमा गाडी चलाउनुपरेको चालक बस्यालको भनाई छ ।

रिजर्भ गर्दा २५ हजार रूपैयाँ सम्म तिर्नुपर्छ । वि.स २०६५ सालदेखि निर्माण सुरू भएको उक्त सडकमा स्थानीय बासीन्दा र सरकारी निकायले दुई करोड रूपैयाँ भन्दा बढी लगानी गरिसकेका छन् । ट्याक खोल्दा प्राबिधिक पक्षलाई ध्यान निदएकाले सडक आयोजना असफल भएको हो ।

'यो सडकमा यात्रा गर्दा आफ्नै शवमाथी हिडेको जस्तो अनुभव हुन्छ' घारका राजाराम बरूवालले भने ' त्रासैत्रासमा यात्रा गर्नुपर्छ । अर्कोतर्फ भाडादर पनि महँगो छ ।' उनका अनुसार सडक आसपासका क्षेत्रमा जग्गा भएकाहरूले फराकीलो बनाउन नदिदा पनि मर्मत गर्न कार्य प्रभावकारी बन्न सकेको छैन् ।

उक्त सडकलाई नयाँ तरीकाले मर्मत र सुधार गर्न लागिएको जिल्ला विकास समितिले जनाएको छ । सडक वोर्ड अन्तरगत चालु आर्थिक वर्षमा २९ लाख रूपैयाँको लागतमा मर्मत सुधारका लागि ठेक्का सम्झौता भएको योजना अनुगमन तथा प्रशासकीय अधिकृत बिष्णुप्रसाद पौडेलले बताए ।

उनका अनुसार चालु आर्थिक वर्षभित्रै पोखरेबगरदेखि तिन किलोमिटर माथि दुरबिन डाँडासम्मको सडकलाई स्तरवृद्धी गर्न ठेकेदार कार्यक्षेत्रमा परिचालन गर्ने तयारी भएको छ । उकालोमा ग्रेड मिलाउने, साघुरो ठाउँमा चाक्लो पार्ने, नाली बनाउने र घुम्ती सुधार गर्ने योजना रहेको अधिकृत पौडेलले बताए ।

## रूप्से झरना र अन्धगल्छी अवलोकन गर्न रिङरोड

■ नवविकल्प

हतारमा रहेका पर्यटकलाई समेत झरनाको माथिल्लो भागसम्म लैजान स्थानीयको प्रयासमा रिङरोड निर्माण कार्य सुरु हुने भएको छ । बेनीबाट हिमालपारिको जिल्ला मुस्ताङ र मुस्ताङबाट फर्कने पर्यटकले सडकबाटै रूप्से झरनाको अवलोकन गर्ने गरेकाले थप आर्कर्षित गर्न झरना खस्ने ठाउँ आसपासमा सडक विस्तार गरिने स्थानीय सुनबहादुर विश्वकर्माले बताए । 'पर्यटकलाई गाउँमै रोक्ने गरी योजना बनाएका छौं ।

धेरै सम्भावना भएपनि उचित पुर्वाधारको ब्यवस्थापन गर्न नसक्दा ओभ्रेलमा परेको छ' विश्वकर्माले भने ।उनका अनुसार गाउँको फजेनी, काभ्रे गाउँ, रूप्से झरना हुदै अन्धगल्छीसम्म निकाल्ने ३ किलोमिटरको सडक विस्तारमा स्थानीयस्तरबाटै सहयोग समेत जुटाएका छन् । सडक निर्माण गरिएपनि त्यसले झरनाको स्वरूपमा कुनै असर नगर्ने बताए । करिव ७० घरधुरी लाभान्वित हुने सडक निर्माण लगत्तै पर्यटन सम्बन्धि कार्यहरुलाई समेत अगाडी बढाउने योजना रहेको उनले बताए । संसारकै गहिरो अन्धगल्छीको अवलोकनलाई समेत रिङरोडको निर्माणले सहज हुने स्थानीयको भनाई छ ।

विश्वकर्माको सक्रियतामा सुरु भएको निर्माण अभियानमा हस्तबहादुर पुन, रूप्से संगम यूवा क्लवको अध्यक्ष लालबहादुर पुन, हिक्मत गर्बुजा, तुलप्रसाद गौचन र श्याम बहादुर पुन सहित गाउँले साथ दिएका छन् । सडक निर्माणका लागि जिविस म्याग्दी ३ लाख, सांसद नवराज शर्माको कोषबाट २ लाख, प्रवासमा रहेका स्थानीयबाट २ लाख संकलन गरिएको छ । सडक निर्माण लगत्तै ३० घरलाई समेटेर होमस्टे समेत संचालन गरिने छ । जसका लागि स्थानीयले समेत आर्थिक सहयोग गरेका छन् । रूप्से झरनाको शीरमा रहेका नौमती बाजा आकारको ढुंगाको प्रचारप्रसारमा समेत सहयोग हुने स्थानीयको भनाई छ ।

## मैजु खलको अध्यक्षमा : श्रेष्ठ

■ नवविकल्प

नेपाल भाषा मंका खल म्याग्दी अन्तर्गत रहेको महिलाहरूको समूह मैजु खलको तेस्रो अधिवेशनबाट तुलसीलता श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरिएको छ ।

त्यसै गरी उपाध्यक्षमा रजनी श्रेष्ठ, सचिवमा सुगम श्रेष्ठ, कोषाध्यक्षमा जयन्ती श्रेष्ठ, सहसचिवमा सङ्गीता श्रेष्ठ, सहकोषाध्यक्षमा प्रमिला श्रेष्ठ र निवर्तमान अध्यक्षमा निर्मला श्रेष्ठ रहेका छन् ।

कार्यक्रमको अवसरमा मैजु खलका सल्लाहकार तीर्थकुमारी श्रेष्ठलाई प्रमाणपत्र र करूवाले तथा प्रमुख अतिथि ज्येष्ठनारी भद्रकुमारी श्रेष्ठलाई दोसल्ला ओढाएर सम्मान गरिएको छ । कार्यक्रममा नेपाल भाषा मंका खल म्याग्दीका कार्यवाहक अध्यक्ष कुविरकुमार श्रेष्ठ, संस्थापक अध्यक्ष सुदर्शनकुमार श्रेष्ठ, निर्वाचन आयुक्त प्रकाश श्रेष्ठले मन्तब्य राखेका थिए ।

कार्यक्रम मैजु खलका निवर्तमान अध्यक्ष निर्मला श्रेष्ठको अध्यक्षता, उपाध्यक्ष रजनी श्रेष्ठको स्वागत र कोषाध्यक्ष सुगम श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो ।

## म्याग्दी क्याम्पसमा पूर्व विद्यार्थी मञ्च गठन

■ नवविकल्प

म्याग्दी बहुमुखी क्याम्पसमा शनिबार सम्पन्न पूर्व विद्यार्थीहरूको भेलाले पूर्व विद्यार्थी मञ्च गठन गरेको छ । पूर्व विद्यार्थी प्रकाश रेग्मीको अध्यक्षतामा १५ सदस्यीय पूर्व विद्यार्थी मञ्च गठन गरेको हो ।

मञ्चको उपाध्यक्षमा योगेश शर्मा, सचिवमा विष्णु शर्मा, कोषाध्यक्षमा कविता सुवेदी र सहसचिवमा कमल बानियाँ रहेका छन् । सदस्यहरूमा जमुना आचार्य, सुवर्ण रिजाल, शैलेस श्रेष्ठ, घनश्याम शर्मा, कर्ण खत्री, श्यामसुन्दर कँडेल, प्रदीप खत्री र सुनिता गौतम रहेका छन् । त्यस्तै संघको पहिलो वैठकबाट पूर्व विद्यार्थीमध्ये एकएक जना जनजाति तथा दलित विद्यार्थीलाई संघको कार्यसमितिमा मनोनित गरिने बताइएको छ । क्याम्पस प्रमुख टिकाराम सापकोटाले भेला आयोजना गर्नुको उद्देश्य र औचित्यमाथी प्रकाश पारेको कार्यक्रममा अभिभावक संघका अध्यक्ष रामप्रसाद सुवेदी र स्वतन्त्र विद्यार्थी युनियनका संयोजक तेजेन्द्र बानियाँले मन्तब्य राखेका थिएभने नवनिर्वाचित अध्यक्ष प्रकाश रेग्मीले प्रतिबद्धता जनाएका थिए ।

## पाठेघरको नि:शुल्क अप्रेशन शिवीर सम्पन्न

■ नवविकल्प

म्याग्दीको बेनीमा शुक्रबार पाठेघरको निशूल्क अप्रेशन शिवीर सम्पन्न भएको छ । पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय पोखरा र जिल्ला स्वास्थ्य कार्यालयको आयोजनामा फागुन ९ गतेदेखि शिवीर सञ्चालन भएको थियो ।

शिवीरबाट आठ सय जना पाठेघर सम्बन्धि समस्या भएका महिलाहरू लाभान्वित भएको जिल्ला अस्पतालका प्रमुख डाक्टर रोशन न्यौपानेले जानकारी दिए ।

उनका अनुसार शिवीरमा स्वास्थ्य परिक्षण गराएका मध्य ५० जनाको अप्रेशन गरीएको छ । पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराका स्त्री तथा प्रसुती रोग विशेषक्ष रवी रेग्मी लगायतका चिकितसकहरूको टोलीले सेवा दिएको थियो । बेनीको अप्रेशन शिवीर सञ्चालन हुनुअघि पाखापानी, दरवाङ र पुलाचौरमा पाठेघर सम्बन्धि समस्या भएकाहरूको स्वास्थ्य परिक्षण गरिएको थियो ।

ग्रामिण क्षेत्रमा पहिचान भएका शल्यक्रिया गर्नुपर्ने बिरामीलाई बेनीमा बोलाईएको हो । शिवीरको समापन कार्यक्रममा मन्तब्य ब्यक्त गर्दै क्षेत्रीय स्वास्थ्य निर्देशक ताराकान्त पौडेलले सहरी क्षेत्रमा पुगेर शल्यक्रिया गराउन नसकेका पाठेघर खसेका महिलाहरूको सुबिधाका लागि जिल्लामै निशूल्क अप्रेशन शिवीर सञ्चालन गरिएको बताए । निजी अस्पतालमा पुगेर ५० देखि ६० हजार रूपैयाँ खर्च हुने शल्यक्रिया शिवीरमा निशूल्क गरिएको हो । जिल्ला अस्पताल विकास समितिका अध्यक्ष चन्द्रकुमार केसीको अध्यक्षता र जिल्ला स्वास्थ्य कार्यालयका स्वास्थ्य सहायक भिम आचार्यको सञ्चालनमा सम्पन्न कार्यक्रममा चिकित्सक रवी रेग्मीले पनि मन्तब्य ब्यक्त गरेका थिए । समापन कार्यक्रमको अवसरमा शिवीर सञ्चालन गर्न आर्थिक सहयोग गर्ने संघ संस्था, सरकारी निकाय र ब्यक्तिहरूलाई सम्मान गरिएको थियो ।

## पूर्वाधार निर्माणमा जुट्दै स्थानीयहरू

■ नवविकल्प

फागुन २५ देखि २९ सम्म सञ्चालन हुन लागेको दोस्रो टोड्के महोत्सवको तयारीका लागि स्थानीय बासिन्दा पुर्वाधार निर्माणमा जुटेका छन् ।

महोत्सव मुल आयोजक टोड्के क्षेत्र विकास कोष, युवा कल्व, आमा समूह र स्थानीय बासिन्दाहरूले पदमार्ग मर्मत, सरसफाई, खेलमैदान निर्माण, मञ्च, महापुराण प्रवचन स्थल लगायतका पुर्वाधार निर्माण गरेका हुन् ।

कुहु ३ र ४ को देउराली युवा कल्व र मनकामना युवा कल्वको नेतृत्वमा दुई सय जनाले श्रमदान गरेर शनिबार महोत्सव एवं शिवपुराण स्थलमा विभिन्न पुर्वाधार निर्माण गरेका महोत्सव मुल आयोजक समितिका एकजित रोकाले जानकारी दिए ।

म्याग्दीको कुहुँ, भिउँ, पाल्लेखेत गाविस र बेनी नगरपालीकाको पुलाचौरको सिमा क्षेत्रमा पहाडको टाकुरामा फैलीएको टोड्के क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले फागुन २५ देखि २९ सम्म दोस्रो टोड्के महोत्व आयोजना गरिएको छ ।

पलपलका ताजा समाचारका लागि क्लिक गर्नुहोस्
www.benionline.com.np
धौलागिरिको पहिलो वेभ

## ठुलोबगरका बासिन्दा सामूहिक कुखुरापालनमा

■ नवविकल्प



म्याग्दीको भुरूङ्ग तातोपानी गाविसको ठूलो बगरमा स्थानीय बासिन्दाले सामुहिक कुखुरापालन गरेका छन् । भुरूङ्ग तातोपानी ७ र ८ का बासिन्दाले समेटेर गठन भएको नागरीक सचेतना केन्द्रका सदस्यहरूले छ लाख रूपैया भन्दा बढी लगानी गरेर अण्डा उत्पादनका लागि कुखुरापालन गरेका हुन् । विपन्न तथा पछाडि परेका समुदायको आयआर्जन वृद्धी गरि सामाजिक तथा आर्थिक हैसियत वृद्धी गर्ने उद्देश्यले सामुहिक कुखुरापालन गरेको केन्द्रका संयोजक बुद्धी पुनले जानकारी दिए ।

जिविसद्धारा सञ्चालित स्थानीय शाषन तथा सामुदायीक विकास कार्यक्रमको सहयोगमा केन्द्रका २५ जना सदस्यहरूले कुखुरापालन गरेका हुन् । कुखुरापालनका लागि ६ लाख १५ हजार रूपैयाँ लगानी भएको संयोजक पुनले बताए ।

उनका अनुसार कार्यक्रमले कुखुरापालनका लागि भवन बनाउन तिन लाख १५ हजार र विउ पुजी वापत एक लाख रूपैयाँ सहयोग गरेको थियो । केन्द्रका सदस्यहरूले थप दुई लाख रूपैयाँ सेयर संकलन गरेर लेयर्स जातका एक हजार वटा कुखुरा पालेका संयोजक पुनले जानकारी दिए ।

गत असोजमा सुरू गरिएको कुखुरापालनबाट माघ महिनादेखि उत्पादन लिन थालेका छन् । हाल दैनिक सात सय देखि साठ सय गोटा अण्डा उत्पादन हुने गरेको छ ।

उत्पादीत अण्डालाई प्रति क्रेट ३४० रूपैयाँका दरले बिक्री गरिएको कुखुरापालन फार्मका कर्मचारी गुनबहादुर राम्जालीले बताए । उनका अनुसार हालसम्म ९५ हजार २०० रूपैयाँ मूल्य बराबरको ४८० क्रेट अण्डा बिक्री भैसकेको छ । भुरूङ्ग तातोपानी, दाना, पोखरेबगर, दोवा, घार क्षेत्रमा अण्डा खपत हुने गरेको राम्जालीले जानकारी दिए ।

उक्त नागरीक केन्द्रका सदस्यहरू सामुहिक आयआर्जनका क्रियाकलापसंगै विकास निर्माण, विकृती तथा सामाजिक समस्या न्युनीकरण र जागरणका अभियानमा सक्रियताका साथ सहभागि हुने गरेका छन् । हरेक हप्ता एक पटक केन्द्रको बैठक बस्ने गरेको छ । बैठकमा गाउँको समस्या देखि सरसफाई, स्वास्थ्य, पोषण, शिक्षा लगायत विषयमा छलफल हुने गरेको सहजकर्ता संगिता पुनले बताइन ।

उनका अनुसार नागरीक सचेतना केन्द्रको पहलमा बालबिवाह, मदिराको अब्यवस्थित बिक्री वितरण तथा सेवन, जुवातास, घरेलु हिंसा र जातीय बिभेद न्युनीकरणका लागि केन्द्र मार्फत पहल गरिएको छ । लामो समयदेखि जनप्रतिनिधि विहीन भएका बस्तीहरूमा विकास निर्माणका लागि सचेतना केन्द्र र वडा नागरीक मञ्चले पुलको काम गर्दै आएका छन् ।

म्याग्दीको बेनी नगरपालीकामा ६ र ३५ वटा गाविसको सबै भन्दा पिछडिएको र विपन्न समुदायको बसोबास रहेको ठाउँमा ४१ वटा नागरीक सचेतना केन्द्र रहेका जिविसका शाषन विज्ञ सन्तोष पन्थिले जानकारी दिए । उनका अनुसार स्थानीय शाषन तथा सामुदायीक विकास कार्यक्रम विकासमा जनसहभागिता वृद्धीका साथै उनिहरूको नेतृत्व तथा क्षमत्ता विकास र आयआर्जन वुद्धी गराउन प्रभावकारी बनेको छ ।

## घलेम्दी जलविद्युत आयोजनाको सधारणसभा

■ नवविकल्प

म्याग्दीवासीहरूको लगानीमा निर्माधिन अवस्थामा रहेको घलेम्दीखोला जलविद्युत आयोजनाको दोस्रो साधारणसभा बेनीमा सम्पन्न भएको छ ।

साधारणसभाको उद्घाटन गर्दै पशुपंक्षी विकास राज्यमन्त्रि नरदेवी पुनले जिल्लामा प्रसस्त मात्रामा जलविद्युतको संभावना भएर पनि यसको उपयोग गर्न नसकोको बताएकी छन् । उनले घलेम्दी जलविद्युत आयोजनाले जिल्लामा लगानीको वातावरण तयार पारेको बताइन । जिल्लामा जलविद्युतको विकासको ढोका खोल्ने काम गरेको बताउँदै मन्त्रि पुनले तोकीएको समयमा आयोजाना सम्पन्न गर्न सञ्चालकहरूलाई आग्रह गरेकी छन् ।

साधारणसभामा घलेम्दी हाइड्रो लिमिटेडका कार्यकारी अध्यक्षले आयोजनाको प्रगतिका वारेमा जानकारी गराएका थिए । उनले चार मेघावाट क्षमताबाट वृद्धि भई आयोजनाको क्षमता अव पाँच मेघावाट भएको बताए । सुवेदीले विभिन्न बाधा अड्चनका बावजुद पनि आयोजनाको निर्माण कार्यलाई निरन्तरता दिनसकिएको बताए ।

गत बैशाखमा गएको भुकम्पका कारण प्रस्तावीत स्थानबाट विद्युतगृह सार्दा हेड पहिलोको भन्दा २५ मिटर अग्लो हुने भएकाले आयोजनाको क्षमत्ता पनि चारबाट बढेर पाँच मेघावाट भएको उनले साधरणसभामा जानकारी दिएका थिए ।

घलेम्दी हाईड्रो लिमिटेडद्धारा निर्माण भैरहेको घलेम्दीखोला जलविद्युत आयोजनाको शनिबार बेनीमा भएको दोस्रो साधारणसभामा आयोजनाको क्षमत्ता विस्तार गर्न लागीएको जानकारी गराइएको थियो । साधारणसभाले संस्थाका कार्यकारी अध्यक्ष सुवेदीले प्रस्तुत गरेको प्रगति, आगामी योजना, आर्थिक प्रतिवेदन पारित गर्नुका साथै संस्थापक सेयर रकम वृद्धी गर्ने प्रस्ताव पारित गरेको छ ।

आयोजनाको ३० प्रतिशत भौतिक प्रगति देखिएको छ । घलेम्दी हाईड्रो लिमिटेडका कार्यकारी अध्यक्ष सुवेदीको अध्यक्षता तथा स्वागत, सेयर सदस्य हरिकृष्ण गौतमको सञ्चालनमा सम्पन्न कार्यक्रममा पुर्व राज्यमन्त्री भिमप्रसाद गौचन, नारच्याङका बासिन्दा ओमबहादुर बुढा, पत्रकार महासंघका उपाध्यक्ष ठाकुरप्रसाद आचार्य,लगानीकर्ता सुबिन श्रेष्ठ लगायतले मन्तब्य ब्यक्त गर्नुभएको थियो । उनीहरूले आयोजनालाई समयमै सम्पन्न गर्नुपर्नेमा जोड दिएका थिए ।

प्रमोद श्रेष्ठ लगायत संस्थापकका साथै सेयर सदस्यहरू सहभागि कार्यक्रमका बक्ताहरूले आयोजनाको कामलाई तिब्रता दिई छिटो सम्पन्न गर्न सकेमा विद्यमान विद्युतभार कटौतीको समस्या कम हुने अपेक्षा ब्यक्त गरेका थिए ।

## राखुबासीले सुन्तला बेचेर लाखौ भित्र्याए

■ नवविकल्प

म्याग्दीको भकिम्ली गाविसको एउटै बस्तीबाट यस वर्ष लाखौंको सुन्तला निकासी भएको छ । भकिम्ली गाविस ५ राखुबाट ११ लाख रूपैयाँको सुन्तला निकासी भएको हो ।

प्रतिकिलो ६० देखि ६५ रूपैयाका दरले बिस हजार किलोग्राम सुन्तला काठमाडौंको कालीमाटी स्थित मन्डीमा लगेर बिक्री गरेको स्थानीय बासिन्दा तथा सुन्तला ब्यवसायी खिमबहादुर पुनले जानकारी दिए ।

१० ट्रक सुन्तला काठमाडौंमा निकासी भएको हो भने अन्य केही बेनीका डोके ब्यापारीले पनि खरिद गरेका थिए । यस वर्ष बोटबाट फल झर्ने समस्याका कारण गत वर्षको भन्दा चार लाख रूपैयाँ कमको सुन्तला निकासी भएको पुनले बताए । दश हजार फल दिने सुन्तलाको बोट रहेको राखुबाट गत वर्ष १५ लाख रूपैयाँ मूल्य बराबरको सुन्तला निकासी भएको थियो । राखुका २० भन्दा बढी घरधुरीले ब्यवसायीक सुन्तला खेती गरेका छन् ।

# रेडक्रस बेनी उपशाखाको नयाँ नेतृत्व

■ नवविकल्प



नेपाल रेडक्रस सोसाईटी बेनी बजार उपशाखाको शुक्रबार सम्पन्न १३ औं अधिवेशनबाट राजेन्द्रकुमार श्रेष्ठको सभापतित्वमा नयाँ कार्यसमिति चयन भएको छ । उपपशाखाको उपसभापतिमा काशीराम रेग्मी, सचिवमा मुक्तिप्रसाद ढुंगाना, कोषाध्यक्षमा हृदयकुमार श्रेष्ठ, सहचिवमा मनोज पौडेल र सहकोषाध्यक्षमा तुलसीलता श्रेष्ठ चयन भएका छन् ।

उपशाखा सदस्यहरुमा भुनु तिलीजा, ज्ञान गिरी, रूद्रप्रसाद सुवेदी, मानोनित सदस्यमा दलप्रसाद श्रेष्ठ र निवर्तमान अध्यक्षमा बिनोद श्रेष्ठ रहेका छन्।

उपशाखाका निवर्तमान सभापति बिनोद श्रेष्ठको अध्यक्षता, जिल्ला शाखा उपसभापति सुवासकुमार श्रेष्ठको प्रमुख आतिथ्यता, राजेन्द्रकुमार श्रेष्ठको स्वागत र काशीराम रेग्मीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा जिल्ला शाखाका मन्त्री अमर बानिया, कोषाध्यक्ष याम शाक्य र साधारण सदस्य सुरजकुमार श्रेष्ठले मन्तब्य ब्यक्त गरेका थिए ।

# रूममा बालमैत्री खानेपानी आयोजना निर्माण

■ नवविकल्प

म्याग्दीको रूममा दमसीलेक खानेपानी तथा सरसफाई योजना निर्माण सम्पन्न भएको छ । आयोजना निर्माण भएपछि रूम गाविसको ३, ४ र ५ नम्बर वडाका २४५ घरधुरी लाभान्वित भएका छन् ।



दमसीलेकबाट ल्याइएको पानी ४१ वटा सार्वजनीक धारा मार्फत गाउँका सबै बस्तीमा वितरण गर्ने ब्यवस्था मिलाइएको जिविस अन्तरगत सञ्चालित पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजनाको दोस्रो चरणका स्वास्थ्य प्रर्वद्धक रामप्रसाद रेग्मीले बताए । परियोजना, जिविस र गाविसको ४६ लाख ८९ हजार ३७४ रूपैयाँ अनुदान तथा उपभोक्ताको ३० लाख २१ हजार ९०० रूपैया बराबरको सहभागितामा आयोजना निर्माण भएको हो ।

आयोजना निर्माणका क्रममा महिला उपभोक्ताले तिन हजार ७२५ र पुरूष उपभोक्ताले दुई हजार ६७९ दिन श्रमदान गरेका थिए । आयोजनाको जिविस म्याग्दीका योजना अनुगमन तथा प्रशासकीय अधिकृत बिष्णुप्रसाद पौडेलले आईतबार एक समारोहका बिच उद्घाटन गरेका थिए ।

# संविधान अनुसारको सांगठनिक संरचना बनाउन सुरु

■ नवविकल्प

एकिकृत नेकपा माओवादी म्याग्दीले स्थानीय स्तरमा नयाँ संबिधानले परिकल्पना गरेअनुसारको सांगठनीक संरचना बनाउन सुरू गरेको छ ।

नयाँ संबिधानमा तल्लो तहको निकाय गाउँ पालीका अनुसारको सांगठनीक संरचना बनाउन सुरू गरेको हो । पहिलेका गाउँ कमिटिहरूलाई गाउँपालीका कमिटिमा रूपान्तरण गर्न लागिएको एकिकृत नेकपा माओवादी म्याग्दीले जनाएको छ ।

नयाँ संबिधान कार्यान्वयनका लागि यस्तो सांगठनिक संरचना बनाउन लागिएको एमाओवादीका केन्द्रिय परिषद् सदस्य गोविन्द पौडेलले जानकारी दिए । उनका अनुसार शनिबार कुहुँमा भएको कार्यकर्ता भेलाले गाउँ कार्यसमिति बिघटन गरि गाउँपालीका सम्मेलन आयोजक कमिटि गठन गरेको छ ।

फागुन २५ गते गाउपालीका सम्मेलन गर्ने निर्णय गर्दै डिलबहादुर किसानको संयोजकत्वमा १५ सदस्यीय आयोजक समिति गठन भएको छ । यामकुमारी पुनको अध्यक्षता र केन्द्रिय परिषद् सदस्य पौडेलको उपस्थितीमा भेला सम्पन्न भएको थियो । यसैबिच एकिकृत नेकपा माओवादीले म्याग्दीमा सदस्यता नविकरण, विस्तार, कार्यकर्ता भेटघाटसंगै संगठन सुदृढीकरण अभियान सञ्चालन गरेको छ ।






# नेपाली कांग्रेस म्याग्दीमा खम्बिरको उदय

■ नवविकल्प



छैठौं जिल्ला अधिवेशनबाट नेपाली काँग्रेस म्याग्दीको सभापतिमा खमबहादुर गर्बुजा (खम्बिर) निर्वाचित भएका छन् । फराकिलो मतअन्तरले उनले प्रतिस्पर्धी नेत्रवहादुर महतलाई पराजित गर्न पुगे । अव म्याग्दी काँग्रेस आगमी चरवर्षका लागि गर्बुजाको नेतृत्वमा रहने छ । अघिल्ला अधिवेशनभन्दा यसपटक फरकखालको अभ्यास भयो । प्रजातान्त्रिक विधि अपनाएर नेतृत्व चयन भएको छ ।

पुरानो पुस्ताले चलाएको काँग्रेस म्याग्दीमा छैठौं अधिवेशनबाट युवाहरूको प्रवेश भएको छ । जनजाति समुदायका गर्बुजालाई सभापतिमा निर्वाचित हुन कठिन भएन । संविधानसभाको पछिल्लो निर्वाचनमा पराजित भएका गर्बुजालाई पार्टीको सभापति हुन भने अधिकांश जनजाति नेता तथा कार्यकर्ताहरूको बलियो समर्थन र साहनुभूति प्रकट भयो ।

गर्बुजाले २५७ मत प्राप्त गरेर सभापतिमा निर्वाचित भए । संस्थापन पक्षका गर्बुजाका प्रतिस्पर्धी देउवा पक्षका नेत्रबहादुर महतले १२६ मत प्राप्त गरे । ४०४ जना मतदाता रहेकोमा ३८९ मत खसेको थियो । यसैगरी सचिवमा हरिकुमार श्रेष्ठले १८६ र कोषाध्यक्षमा टंक हमालले २०५ मत ल्याएर बिजयी भए ।

सचिवका प्रत्यासी अजयमिलन श्रेष्ठले १८२ र कोषाध्यक्षका प्रत्यासी अमृतकुमार श्रेष्ठले १६४ मत प्राप्त गरे । जिल्ला कार्यसमितिको खुल्ला सदस्यतर्फ ओम छन्त्याल (२४४), कर्णबहादुर भण्डारी (केबी) (२४८), मिनबहादुर कार्की (२१४) र माधवप्रसाद रेग्मी (१९२) मत ल्याएर बिजयी हुनुभएको छ । यसैगरी अल्पसंख्यकतर्फ कमल छन्त्याल (२५१) र दलित तर्फ मनकुमारी बिक (१९२) मत प्राप्त गरि निर्वाचित भए ।

महिलातर्फबाट अमृतादेवी बानियाँ, यमकुमारी गर्बुजा र सावीत्री बरूवाल तथा जनजाती सदस्यमा रेकबहादुर पुन जिल्ला सदस्यमा निर्वीरोध निर्वाचित भएका छन् । महाधिवेशन प्रतिनिधिहरूमा खुल्ला तर्फबाट रेशमबहादुर बानियाँ (२४५), चिरञ्जिवी शर्मा (२१८), मुकुन छन्त्याल (१९२), तमबहादुर थापा (१८६), जितेन्द्र पुन (१५९) र भरत बहादुर रकालले (१६०) मत प्राप्त गरि निर्वाचित भए ।

महाधिवेशन प्रतिनिधिमा महिलातर्फ बिमला गौचन (२३७) र सुमित्रा गर्बुजा (१७६), जनजातीतर्फ डमबहादुर गर्बुजा (२०५), अल्पसंख्यकमा धनबहादुर छन्त्याल (१४४) र दलिततर्फ बिरबहादुर बिक (कमल)ले (१६२) मत प्राप्त गरि निर्वाचित भए ।

# बेनपामा वाईसीएलको वडा कमिटी गठन

■ नवविकल्प

एकिकृत नेकपा माओवादीको युवा संगठन वाईसीएलको बेनी नगरपालीका १३ मा शुक्रबार वडा कमिटि गठन भएको छ । चयन्द्र श्रीसको अध्यक्षतामा गठन भएको २७ सदस्यीय कमिटिको उपाध्यक्षमा विजय कार्की, मनोज गुरूङ, सचिवमा सुदीप खत्री, सहचिवमा कुमार विक र कोषाध्यक्षमा महेन्द्र केसी रहेका छन् ।

सदस्यहरूमा दिपक सुवेदी, मुरारी आचार्य, कृष्ण केसी, राजन विक, सुमन विक, बाबुराम कार्की, नारायण केसी, किसान गुरूङ, मुकेश कुँवर, लाल मगर, लोकबहादुर बानिया, गिता बिक, नविन थापा, मदन कार्की, मनिष पुन लगायत रहेका छन् ।

एकिकृत नेकपा माओवादीका राष्ट्रिय परिषद् सदस्य गोविन्द पौडेल, जिल्ला कोषाध्यक्ष शेरबहादुर केसी, सदस्य भगवान खड्काको उपस्थिती रहेको भेला चिन्तामणी सुवेदीको अध्यक्षता र वाईसीएल बेनी नगर सम्मेलन आयोजक समितिका संयोजक किशोर केसीको सञ्चालनमा सम्पन्न भएको थियो ।

त्यस्तै बेनी नगरपालीका १४ मा आईतबार एकिकृत नेकपा माओवादीको युवा संगठन वाईसीएलको वडा कमिटि गठन भएको छ । देवेन्द्र चोखालको अध्यक्षतामा २५ सदस्यीय वडा कमिटि गठन भएको हो । कमिटिको उपाध्यक्षमा डिल्लीराम शर्मा, सचिवमा बाबुराम केसी र कोषाध्यक्षमा सविन किसान रहेका छन् ।

यसैगरी सदस्यहरूमा गकुल कार्की, अशोक किसान, प्रकाश हमाल, हिरासिंङ थापा, हर्कविर थापा, रबि बानियाँ, सुरेन्द्र भण्डारी, मदन सापकोटा, टेकबहादुर चोखाल, दिपक काउचा लगायत रहेका छन् ।

सो युवा भेलालाई संम्बोधन गर्दै एकिकृत नेकपा माओवादीका केन्द्रिय परिषद् सदस्य गोविन्द पौडेलले माओवादीको एजेण्डा र पहलमा निर्माण भएको संबिधानले युवाहरूको हक अधिकारलाई पनि सम्बोधन गरेको भन्दै त्यसलाई कार्यान्वयन गरि अधिकारको उपभोग गर्न युवाहरू संगठीत हुनुपर्ने बताए ।

उक्त कार्यक्रममा वाईसीएलका नगर सम्मेलन आयोजक कमिटिका संयोजक किशोर केसी, एकिकृत नेकपा माओवादीका जिल्ला सदस्य भगवान खड्का, विद्यार्थी नेता गणेश शर्मा, यामनाथ पौडेल लगायतको पनि उपस्थिती रहेको थियो ।

# हार्दिक बधाई


तारादेवी पुन


अरुणा शाही


कमला पुन


प्रेमप्रसाद पुन


विन्दु पुनमगर

म्याग्दी जिल्लामा जन्मघर भई विभिन्न स्थानमा बसोबास गर्दै आउनुभएका खेलाडीहरु तारा देवी पुन (भारत्तोलन), अरुणा शाही र कमला पुन (भलिबल), प्रेमप्रसाद पुन (आर्चरी) तथा विन्दु पुनमगर (उसु) ले दक्षिण एशियाली खेलकुद प्रतियोगिता (साग) मा सहभागी भई नेपाललाई कास्य र रजत पदक दिलाउन सफल भएकोमा हामी गौरवान्वित भएका छौं । आगामी दिनमा पनि उहाँहरुको उत्तरोत्तर प्रगति र समुज्वल भविष्यको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**दानबहादुर राई**
कार्यालय प्रमुख

**एवम्**

**कृष्णकुमार विश्वकर्मा**
अध्यक्ष

## जिल्ला खेलकुद विकास समिति परिवार

**बेनीबजार, म्याग्दी**


# हार्दिक बधाई


मनप्रसाद थजाली


थमबहादुर पुन


डकमाया पाइजा


बालकुमार रोका


लोकबहादुर पुन


भुनु तिलिजा


कृष्णबहादुर पुन


गनमति शेरपुञ्जा


टकसरा राना


पुष्पा पुन


दुतकुमारी शेरपुञ्जा

हालै सम्पन्न नेपाल मगर संघ म्याग्दीको छैटौं जिल्ला अधिबेशनबाट यस संस्थाका निर्वतमान अध्यक्ष सुवेदार मनप्रसाद थजाली अध्यक्षमा, अध्यक्ष सुवेदार थमबहादुर पुन सदस्य, उपाध्यक्ष डकमाया पाईजा उपाध्यक्ष, कोषाध्यक्ष वालकुमार रोका सदस्य, पुर्व लेखा समिती सदस्य लोकबहादुर पुन सचिव, शेयर सदस्यहरु भुनु तिलिजा, कृष्ण बहादुर पुन, गनमति शेरपुञ्जा, टकसरा राना, पुष्पा पुन र दुतकुमारी शेरपुञ्जा क्रमशः सदस्य र पदेन सदस्य पदमा निर्वाचित भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं।

**रुद्रबहादुर गुरुङ**
प्रबन्धक एवम्

## कुमारी बहुउद्देश्य सहकारी संस्था लि. परिवार

**न्यूरोड, बेनीबजार, म्याग्दी**

# सकिनुपर्ने...

छ । सोही नीतिलाई टेकेर ५० शैयाको अस्पताल बन्ने निर्णय कार्यान्वयन गर्न जनस्वास्थ्य कार्यालय स्थापना हुँदा खुसी हुनुपर्नेमा आखिर किन बिरोध भयो ? अस्पताल विकास समितिका अध्यक्ष चन्द्रकुमार केसी अस्पतालको क्षमत्ता बढाउने निर्णय भएपनि पुर्वाधार नभएको र तल्लो तहको कर्मचारीले पदीय मर्यादाक्रममा उपल्लो तहका चिकित्सकलाई नेतृत्व गर्ने, दुई निकायबीच असमझदारी बढ्ने र अस्पतालको सेवा सुबिधामा त्यसको असर पर्ने तर्क गर्दछन् ।

'जनस्वाथ्यको मातहत जिल्ला अस्पताल हुँदा दसौ तहका कर्मचारीलाई सातौ तहकाले नेतृत्व र परिचालन गर्दा पदीय हैसीयत मिल्दैन' केसीले भने 'यस्तो हुँदा अस्पतालका चिकित्सक र जनस्वास्थ्य कार्यालयबीच मनमुटाव, असमझदारी सिर्जना भई दुई वटै निकाय कमजोर हुन्छन् ।' जनस्वास्थ्य अधिकृतको नेतृत्व रहनेभएपछि हालका जिल्ला स्वास्थ्य प्रमुख रोशन न्यौपाने, अस्पताल प्रमुख हेमा जोशी, धिरेन मल्ल, दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सक शुशिल श्रेष्ठले जिल्ला छाडेर जाने तयारी गरेको र उनिहरू नहुँदा जिल्ला अस्पतालको सेवामा आएको सुधारको गतिमा अवरोध सिर्जना हुने भएकाले अस्पताल र जनस्वास्थ्य कार्यालय फुटाउने निर्णय कार्यान्वयन गर्न नहुने केसीको अडान छ ।

अस्पताल विकास समितिले आफ्नो अडान र तर्कलाई बलियो बनाउन प्रशासनीक, राजनीतिक र सामुदायिक सर्मथन जुटाउन पहल गरेको छ । जस अन्तरगत अध्यक्ष केसीले बिहीबार राजनीतिक दलसंग र शुक्रबार उद्योग वाणिज्य संघको सभाहलमा दल, ब्यवसायी र संघ संस्थाका प्रतिनिधिहरूसंग छलफल गरे । 'गलत प्रक्रिया अपनाएर अस्पताल र स्वास्थ्य कार्यालयलाई फुटाउन खोजिएको छ' अस्पताल विकास समितिका सदस्य समेत रहेका म्याग्दी उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष उत्तम कर्माचार्य भने '५० शैयाको अस्पताल नबन्दै जनस्वास्थ्य कार्यालय स्थापना गर्न किन हतारो ? यसमा चलखेल भएको छ । त्यसैले कुनै पनि हालतमा कार्यान्वयन गर्न दिनु हुदैन् ।'

उद्योग वाणिज्य संघको सभाहलमा सहभागि दलका प्रतिनिधि, संघ संस्था र ब्यवसायीहरूको अस्पताल र जनस्वास्थ्य कार्यालय एउटै तथा फरक फरक हुने विषयमा मत बाझिएको थियो । एक पक्षले जसरी पनि स्थापना भएको जनस्वास्थ्य कार्यालयलाई फिर्ता गराउनुपर्ने तर्क गरेका थिए भने अर्को पक्षले जनस्वास्थ्य र अस्पताल फरक हुँदा फाईदा बेफाईदा के हुन्छ भनेर आम नागरीकले स्पष्ट नभएसम्म केही भन्न नसक्ने बताएका थिए । नीतिगत ब्यवस्था अनुसार जनस्वास्थ्य र अस्पताल छुट्टिदा कार्य क्षेत्रमा विशिष्टीकरण हुँदा आ आफ्नो क्षेत्रमा गुणस्तरीय सेवा दिन सकिने सम्भावना हुन्छ ।

एकाथरीले कार्यालय सञ्चालन प्रक्रियालाई अहिलेकै जसरी निरन्तरता दिने र ५० शैयाको अस्पताल भएपनि जनस्वास्थ्य कार्यालय स्थापना गर्ने निर्णय कार्यान्वयन गर्ने मध्यमार्गी बाटो अपनाउने प्रस्ताव गरेका थिए । मध्यमार्गी उपायलाई सफल बनाउन राजनीतिक, प्रशासनीक र सामुदायीक तवरले दवाव दिने उनिहरूको योजना छ । अस्पताल विकास समितिका अध्यक्ष केसीले जनस्वास्थ्य कार्यालय स्थापना भएपछि हाल जिल्ला स्वास्थ्य प्रमुखको भुमिका निर्वाह गरिरहेका चिकित्सक न्यौपाने, जोशी, मल्ल लगायतले जिल्ला बाहीर जाने निर्णय गरिसकेको भनेर प्रचार गरेपनि उनिहरूले भने यस विषयमा फरक भनाई राखेका छन् ।

डाक्टर न्यौपानेले आफू सरकारको नीति नियम मान्ने र माथिल्लो निकायबाट जस्तो निर्देशन आउँछ त्यो पालना गर्न तयार रहेको प्रतिक्रिया दिए । उनले यो प्रतिक्रियाले अस्पताल विकास समितिको प्रचारलाई फिक्का बनाएको छ । राज्यको नीती नियम र निर्देशन कार्यान्वयन गर्नु आफ्नो दायीत्व भएको बताउदै चिकित्सक न्यौपानेले जिल्ला छाडेर जाने कुरा आधिकारीक नभएको स्पष्ट पारे । मन्त्रालयको निर्देशन नमान्ने कर्मचारी बिभागीय कारबाहीमा पर्दछन् । अस्पताल विकास समितिका अध्यक्ष चन्द्रकुमार केसीले म्याग्दी उद्योग वाणिज्य संघको ईमेल ठेगानाबाट जिल्लाका पत्रकार तथा सञ्चार माध्यमहरूलाई पठाएको जिल्लाबासीका लागि अपिल गरिएको ईमेलमा जनस्वास्थ्य कार्यालय र अस्पताल तत्कालै फुटाउन नहुने ७ वटा कारण उल्लेख गरीएको छ ।

बेनीमा वितरण पनि भैसकेको उक्त अपिललाई जिल्ला स्वास्थ्य कार्यालयका सिनियर अहेव भरत आचार्यले अस्पताल विकास समितिले सामान्य विषयलाई अतिरञ्जित बनाएर भ्रम छर्ने काम गरेको टिप्पणी गरे । 'त्यो अपिल पढेपछि मलाई हाँसो उठ्यो । त्यहाँ उल्लेख गरिएका तर्क र आधारहरू सतप्रतिशत गलत छन' आचार्य भन्छन् 'यो अपिलमा भनेका कुराहरू सुर्यलाई हत्केलाले छेकेर दिउसै पृथ्वी अध्याँरो बनाउन खोजेसरह हो ।' अस्पताल विकास समितिले जनस्वास्थ्य कार्यालय स्थापना हुनुमा जनस्वास्थ्य अधिकृत नारायणप्रसाद चौधरीको हात रहेको आरोप लगाएको छ । चौधरीले आरोपको खण्डन गर्दै मन्त्रालयले परिपत्र गरेर जनस्वास्थ्य कार्यालय स्थापना गर्न भनेको आधारमा कार्यालय स्थापना गरेको र त्यसमा आफ्नो कुनै स्वार्थ नरहेको बताएका छन् । ' जनस्वास्थ्य कार्यालय स्थापना भएपछि जिल्ला अस्पतालको सेवालाई असर होईन सहयोग पुग्छ' जनस्वास्थ्य अधिकृत चौधरीलाई कार्यालय स्थापनाका लागि बलीयो साथ दिदै आएका सिनियर अहेव आचार्य भन्छन् 'चिकित्सकहरू प्रशासनीक काममा अल्झीनुपर्दैन् । उनिहरूले आफ्नो उपचारको काम नियमित रूपमा गर्नसक्छन् । चिकित्सक प्रशासनीक कामले तालीम, गोष्ठि, बैठक आदीमा जाँदा बिरामीले कुरेर बस्नुपर्दैन् ।'

जनस्वास्थ्य कार्यालयका क्षयकुष्ठ रोग निरिक्षक रामबहादुर नेपालीले पदीय हिसावले चिकित्सकहरूलाई सम्मान र मर्यादामा असर पर्न दिन नहुने बताए । उनले चिकित्सकहरूको पदीय मर्यादालाई सम्मानमा ध्यान दिनुपर्ने भएपनि चिकित्सकबिना जनस्वास्थ्य कार्यालय सञ्चालन हुनसक्दैन भन्नु भ्रम मात्र भएको बताए । जनस्वास्थ्य कार्यालय स्थापना भएको विषयमा कार्यालयमै रहेका कर्मचारी संगठनहरूको पनि समान धारणा छैन् । एमाले निकट स्वास्थ्यकर्मीहरू आवद्ध तिन वटा संगठनले बिहीबार विज्ञप्ती निकालेर जनस्वास्थ्य कार्यालय स्थापना भएकोमा आपत्ति र बिरोध जनाए भने नेपाली काँग्रेस, एमाओवादी लगायत दल सम्बद्ध कर्मचारी संगठनले कुनै प्रतिक्रिया जनाएका छैनन् । एमाले निकट कर्मचारी संगठनहरूले निकालेको संयुक्त विज्ञप्तीमा हस्ताक्षरकर्ताहरूले आफ्नो नाम सम्म उल्लेख गर्न डराएका छन् । विज्ञप्ती निकाल्न सक्ने नेताले आफ्नो नाम उल्लेख गर्न नसक्नुलाई पनि अर्थपूर्ण रूपमा हेरीएको छ । अस्पताल विकास समिति, जनस्वास्थ्य कार्यालय र कर्मचारीहरूबीच निकै तरंग गरेको यो विषयले सर्वसाधारणमा भने त्यती चासोको विषय अझै बन्न सकेको छैन् ।

'को हाकीम हुने नहुने भन्ने विषय सर्वसाधारणसंग सम्बन्धित छैन' नेपाल जेसीजको समेत नेतृत्व गरिसकेका धनञ्जयकुमार श्रेष्ठ भन्छन् 'जनतालाई चाहिएको प्रभावकारी, ब्यवस्थीत र गुणस्तरीय स्वास्थ्य सेवा हो । त्यो प्राप्त हुनुपर्छ ।' म्याग्दी उद्योग वाणिज्य संघका दितृय उपाध्यक्ष सुविन श्रेष्ठ पनि जनस्वास्थ्य र अस्पताल फरक फरक हुँदा सेवा प्रवाहमा सहजता हुने देख्छन् । चिकित्सकहरू प्रशासनीक कामले जिल्लाबाहिर तथा कार्यक्रममा सहभागि हुन जाँदा बिरामीले समयमै सेवा पाउन नसकेको अवस्थामा चिकित्सकहरू नियमित अस्पतालमा बसेर काम गर्ने वातावरण हुँदा राम्रो हुने श्रेष्ठको भनाई छ ।

बजारमा सेवासंग जोडेर जनस्वास्थ्य र अस्पतालको विषयमा जवरजस्ती बहस सिर्जना गर्न खोजीएपनि त्यो तिललाई पहाड बनाएको तर्क गर्दछन् एक जना नागरीक अगुवा । लामो समयदेखि स्वास्थ्य कार्यालयसंग सहकार्य गरेर विभिन्न कार्यक्रम गर्दै आएका उनको भनाईमा यो 'शक्ति, स्वार्थ र स्रोत'को लडाई हो ।

अस्पताल विकास समितिले आफ्नो क्षेत्राधिकार तोडेर जनस्वास्थ्य कार्यालयका कार्यक्रमको बजेट, करारमा कर्मचारी भर्ना गर्ने, औषधि खरिद गर्ने र कसलाई कुन कार्यक्रम दिने नदिने भन्ने सम्मको हस्तक्षेप गरेर जनस्वास्थ्य प्रशासनलाई निश्क्रीय पार्न खोज्दा यस्तो अवस्था आएको स्वास्थ्य कार्यालयका एक कर्मचारी बताउँछन् ।

अर्कोतर्फ अस्पताल विकास समितिका अध्यक्ष केसीले अस्पतालमा पुर्वाधार र सेवा सुबिधा विस्तारमा गरेको सकारात्मक पहललाई सफल हुननदिन र अस्पतालबाट ब्यवसायीक लाभ लिईरहेका स्वास्थ्यका कर्मचारीहरूले केसीसंग चिढीएर उनको हस्तक्षेपबाट मुक्त हुनका लागि अस्पताललाई जनस्वास्थ्य कार्यालयबाट अलग गराएको केसी निकट अस्पतालका कर्मचारीहरूको भनाई छ । मन्त्रीपरिषद्ले गरेको निर्णय बमोजिम ५० बेड कायम भएका अस्पताल र जनस्वास्थ्य कार्यालय छुट्टा छुटै हुन पाउने नीतिगत ब्यवस्था अनुसार म्याग्दी जिल्ला अस्पतालको दरबन्दि सामान्य प्रशासन मन्त्रालयबाट स्विकृत र निजामती किताव खानामा दर्ता भई पद पूर्तिको प्रक्रिया सुरू भईसकेको छ । ल्याब अधिकृत हाजिर भैसकेका छन् । जिल्ला अस्पतालका प्रमुख सुपरीटेन्डेन र जिल्ला जनस्वास्थ्य अधिकृतको नाममा विभागीय छुट्टा छुट्टै अख्तियारी आईसकेको जनस्वास्थ्य कार्यालयका कर्मचारीहरूले जानकारी दिएका छन् ।

सरकारले म्याग्दी जिल्लालाई महत्वका साथ प्राथमिकता दिदै ५० शैयाको अस्पतालमा स्तरउन्नती गरि पद्पुर्ती समेत सुरू गरेकोमा बधाई र थप पद्पुर्तीको लागि प्रयास गर्नुको सट्टा अस्पताल र जनस्वास्थ्य छुट्टिनु हुँदैन भन्नु घुमाउरो तरिकाले ५० शैया अस्पतालको बिरोध गरेको ठहर्ने जनस्वास्थ्यका कर्मचारीहरूको भनाई छ । स्रोतका अनुसार अस्पताल र जनस्वास्थ्य छुट्टिइसकेपछि केही ब्यवहारीक समस्या उत्पन्न हुने सम्भावना पनि उत्तिकै देखिन्छ ।

५० शैया क्षमत्ताको अस्पताल भएपछि सेवाग्राहीको अपेक्षा पनि तदअनुसारनै हुने भएकाले माथिल्लो तहको जनशक्तिको लागि तुरून्त करारको ब्यवस्था गर्न मन्त्रालयसंग अनुरोध गर्न जाने र तल्लो तहको जनशक्तिको लागि तत्काल जनस्वास्थ्यतर्फका अतिआवश्यक जनशक्तिलाई काजमा राख्ने र सोको लागि जनस्वास्थ्यको सहमति लिनुपर्ने देखिन्छ । पदको सिनियर र जुनियरको समस्या भएको अवस्थामो सो बिवाद मिलाउने जिम्मा मन्त्रालय र बिभागलाई दिन सकिन्छ । अन्य आन्तरीक ब्यवहारिक समस्या सुल्झाउन अस्पतालको मेडिकल सुपरीटेण्डन र जनस्वास्थ्य अधिकृतलाई जिम्मा दिन सकिने अस्पताल विकास समितिका पुर्व अध्यक्ष आईतराम परियार बताउँछन् ।

जनस्वास्थ्य कार्यालय स्थापना र जिल्ला अस्पतालको क्षमत्ता विस्तार हुनु जिल्लाबासीका लागि महत्वपूर्ण अवसर हो । जस अनुसार अस्पतालको नयाँ संरचना र भवन तयार गर्न योजना परिसकेको छ । भवन योजना ल्याउन वर्तमान अध्यक्ष केसीको सहानीय भुमिका देखिन्छ । मन्त्रालयले गरिसकेको निर्णयलाई कार्यान्वयन गर्न योजना तर्जुमाको समय भएकाले यो अवस्थालाई भरपुर प्रयोग गरी जिविस हुँदै बिभाग मन्त्रालय लगायतका निकायमा ५० शैयाका लागि आवश्यक बजेट, उपकरण, जनशक्तिको ब्यवस्था गर्न राजनीतिक तवरले पहल हुनु आवश्यक देखिएको छ ।


## हार्दिक बधाई



धनबहादुर छन्त्याल



मुकुन्द छन्त्याल

हालै सम्पन्न नेपाली काँग्रेस म्याग्दीको छैठौ जिल्ला अधिवेशनबाट यस संस्थाका सचिव धनबहादुर छन्त्याल र कार्य समिति सदस्य मुकुन्द छन्त्याल क्रमश अल्पसंख्यक तर्फ र खुल्ला तर्फबाट केन्द्रीय महाधिवेशन प्रतिनिधिमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै निर्वाचित सम्पूर्ण पदाधिकारीहरुमा सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्दछौं ।

सरस्वती छन्त्याल
प्रबन्धक

एवम्

चित्रमान छन्त्याल
अध्यक्ष

**रिहगाद बहुउद्देश्यीय सहकारी संस्था लि परिवार**
बेनीबजार, म्याग्दी



## हार्दिक बधाई



माधवप्रसाद रेग्मी



टंक हमाल

हालै सम्पन्न नेपाली काँग्रेस म्याग्दीको छैठौं जिल्ला अधिवेशनबाट यस संस्थाका सचिव माधवप्रसाद रेग्मी र सदस्य टंक हमाल क्रमशः सदस्य र कोषाध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै निर्वाचित सम्पूर्ण पदाधिकारीहरुमा सफल कार्यकालको लागि शुमकामना व्यक्त गर्दछौं ।

चन्द्रबहादुर थापा
प्रबन्धक

एवम्

सुवासकुमार श्रेष्ठ
अध्यक्ष

**बेनी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था परिवार**
बेनीबजार, म्याग्दी

म्याग्दी जिप्रकादनं. १/०६७/०६८, म्याग्दी जिहुदनं. ०५/०७१/०७२



# कृष्टिनाको नयाँ भिडियो सार्वजनिक

■ नवविकल्प



म्याग्दीकी नव कलाकार क्रिष्टिना थापाले अभिनय गरेको नयाँ म्यूजिक भिडियो बजारमा आएको छ । पुख्यौली घर जिल्लाको राखु पिप्ले र बेनीको क्याम्पस चोकमा वस्दै आएकी थापा केही महिना मात्रै काठमाण्डौलाई आफ्नो कर्मथलो बनाएकी थिइन । लेकाली माया नामक म्यूजिक भिडियोबाट सांङगेतिक क्षेत्रमा प्रवेश गरेकी थापाले भविष्य पनि यसैमा देख्छिन् । उनले राजधानीमा अहिले अध्ययनलाई पनि निरन्तरता दिएकी छन् । हालै मात्र उनको नयाँ म्यूजिक भिडियो सार्वजनिक भएको छ । निभ्नै लागेको दियो नामक म्यूजिक भिडियोमा थापाको अभिनय रहेको छ । विन्ध्वासिनी म्यूजिकले बजारमा ल्याएको भिडियोको निर्देशन सम्पादन प्रदिप दाहलले गरेका छन् ।

भिडियोमा शब्द लिला पुन (समुन्द्र पारी) र चेम्चोङको रहेको छ । संगित राजकुमार बगर र छायङकन उत्सव दाहलले गरेका छन् । कलासंगितको क्षेत्रमा भर्खर प्रवेश गरेकी मोडल थापाले पछिल्लो नयाँ म्यूजिक भिडियोलाई पनि दर्शकहरुले मनपराइदिने अपेक्षा गरेकी छन् । उनले हालसम्म चालिस भन्दा वढी म्यूजिक भिडियोमा अभिनय गरिसकेको बताएकी छन् भने पाँचवटा केही समयपछि बजारमा आउने उनले बताएकी छन् ।

# गुन्यू चोलीमा छमछमी

■ नवविकल्प



म्याग्दीका मगर समुदायले ३४ औं मगर दिवस एवम् छैठौं जिल्ला अधिवेशनका अवसरमा बेनीबजारमा विभिन्न झाँकी सहितको र्‍याली निकाले । मगरसमुदायका बुढापाका र युवायुवती समेत आफ्नै भेषभूषामा सजिएका थिए । पछिल्लो समय युवा पुस्ताले संस्कृति संरक्षणमा चासो देखाउन थालेका छन् ।

जातिय भेषभूषामा सजिएका मगर पुस्ताका बालबालिकादेखि वृद्धवृद्धाहरूले सोरठी, पुर्ख्यौली, सालैजो, यानीमाया, ख्याली भाकाका साथै विभिन्न लोकगीत र नृत्यहरूमा छमछमी नाच्दा बेनी बजारनै संगितमय भएको थियो ।

मगर भेषभूषामा सजिएका बालबालिका, युवायुवती र बुढापाकाहरूसहितको र्‍यालीमा सालैजो भाकासँगै उनीहरू छमछमी नाच्दै मोबाइलमा सेल्फी खिचेका थिए ।

मगर समुदायले जातिय भेषभूषमा सजिएको सांस्कृतिक झाँकीसहितको र्‍यालीले सदरमुकाम बेनीबजार परिक्रमा गरेको थियो । उनीहरूले मगर समुदायमा लोपोन्मुख सोरठी, पुर्ख्यौली र मारुनी नृत्य देखाउँदै बजार परिक्रमा गरेका थिए ।


नवविकल्प साप्ताहिक पत्रिकाको इ-पेपर लगायत ताजा स्थानीय तथा राष्ट्रिय समाचारका लागि-
www.bikalpanews.com



सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८
विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था



शान्ति सन्देश
स्थायी शान्तिका लागि आ-आफ्नो क्षेत्रबाट सहकार्य र सद्भावको वृद्धि गरौं ।
शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति, म्याग्दी


## सूचना Û सूचना ÛÛ सूचना ÛÛÛ

बेनी न्यूरोडदेखि पारी बेनी फाटँ, पर्वतसम्म जाने क्रममा हातमा लगाउने (२१ क्यारेट) सुनको चेन हराएको हुँदा उक्त सुन भेटाउनु हुने महानुभावले यहाँ राखिएको सम्पर्क मोवाइल नम्वरमा सम्पर्क गनुहोला । उक्त समान भेटाएर बुझाउने व्यक्तिलाई पुरस्कार दिइने छ।

सम्पर्क नं. ९८४७७०२३९२, ९८६७६१३५४७


xfd[ ;]jfx?M
✓ २४ सै घण्टा आकस्मिक सेवा । ✓ क्याभिनको व्यवस्था ।
✓ इजाजत प्राप्त दक्ष स्वास्थ्यकर्मीद्धारा अत्यन्तै गोपनियताका साथ सुरक्षीत गर्भपतन सेवा ।
✓ दैनिक ओ.पि.डि सेवा (विहान ८ बजे देखि साँझ ७ वजे सम्म)
✓ २४ सै घण्टा भिडियो एक्सरे,ल्याव,एक्सरे,ई.सि.जि.,माईनर अपरेशन तथा विरामी भर्ना सेवा ।
✓ दैनिक निशुल्क गर्भवती परीक्षण गरिने व्यवस्था ।
✓ सिकिस्त विरामीहरुको लागि बेनी बजार क्षेत्र भित्र घर मै गई स्वास्थ्यकर्मीद्धारा सेवा प्रदान गरिने ।
✓ ७० वर्ष उमेर पुगेका विरामीहरुका लागि १० प्रतिशत छुटको व्यवस्था ।
✓ अपाङ तथा निम्न आर्थिक स्तरका विरामीहरुका लागि १० प्रतिशत छुटको व्यवस्था ।
✓ विद्यार्थीहरुका लागि सहुलियतकार्डको व्यवस्था गराई विशेष छुटको व्यवस्था ।
बेनी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
न्यूरोड, बेनीबजार, म्याग्दी
(सम्पर्कः ०६९-५२०९८३, ९८५७६४००८६)



प्रो. मुकुन्द शर्मा ९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा ९८४७६५२०९०
विशाल हार्डवयर्स एण्ड जनलर सप्लायर्स
शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७
हाम्रा सेवाहरु
छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कव्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।



प्रो. बुद्धि महत (मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत (मो.नं. ९८४७७८११७१)
महत न्यू फेन्सी पसल
न्यूरोड, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरु
हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।



सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै नयाँ व्यवस्थापनका साथ हामी तपाइँहरुको साथमा
लामा भान्छाघर एण्ड रेष्टुरेन्ट
कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरु
- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु
फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ स'विधा
प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४



प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७
संगम ट्रेडर्स & संगम हार्डवयर
कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८
हाम्रा सेवाहरु
हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।
ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पद्रर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता
हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७


नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०), व्यवस्थापक : धिरन खत्री
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286, 9867613547